कांग्रेसको रणनीति असफल, सरकार बनाउन सकेन् | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com



छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक २११ • २०७९ साल पुस ११ गते सोमबार (26 December, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-


# प्रचण्ड तेस्रोपटक प्रधानमन्त्रीमा नियुक्त, शपथ आज

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तेस्रो पटक प्रधानमन्त्री भएका छन् । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जसपा, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी प्रभु साह लगायत सात पार्टीका १६९ सांसदको समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रचण्डलाई बहुमतको प्रधानमन्त्री नियुक्त गरेका छन् ।


नेपाली कांग्रेस माओवादी सहितको सत्ता गठबन्धनबाट स्थानीय, प्रदेश र प्रतिनिधि सभा चुनाव सहभागी भएका थिए । चुनाव लगतै बन्ने सरकारको नेतृत्व प्रचण्डलाई दिने कांग्रेस र माओवादीबीच भद्र सहमति भएको थियो । निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले भद्र सहमति उल्लंघन गरेपछि प्रचण्ड एमाले सहितको सात दलीय गठबन्धनबाट प्रधानमन्त्री हुन सफल भएका छन् ।

देउवाले प्रचण्डलाई शनिवारसम्म सरकार गठनका विषयमा अल्टिमेटम दिएका थिए । शुक्रबारको छलफलमा देउवाले पार्टीभित्रकै नेताहरू पहिलो चरणमा प्रधानमन्त्री दिन नमानेको जवाफ प्रचण्डलाई दिएका थिए । तर, पार्टीका नेताहरुसँगको छलफलमा भएकाले मिलाउने बचन समेत दिएका थिए । शनिवार बेलुका पुनः देउवा र प्रचण्डसँगै एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सहित शीर्ष नेताबीच छलफलमा सहभागी भएका थिए ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा देउवाले राष्ट्रपति र प्रधानमन्त्री दुबै कांग्रेसले लिने अडान यथावत् राखे । राष्ट्रपति कांग्रेसकै भए पनि प्रधानमन्त्रीको पहिलो कार्य आफूले पाउनुपर्ने प्रचण्डले पूर्ववत् भद्र सहमति समेत सम्झाए । गत शनिवारको बालुवाटार छलफलबाट कुनै निष्कर्ष निस्कन नसकेपछि आइतबार बिहान टुङ्ग्याउने समझदारी भएको थियो ।

आइतबारकोछलफलमा समेत देउवाले पुरानै अडान दोहोर्‍याएपछि प्रचण्डले गठबन्धन टुटेको भन्दै खुमलटार लागेका थिए । बालुवाटारबाट खुमलटारमा केही बेर विश्राम लिएका प्रचण्ड सिधै एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोट प्रस्थान गरे । प्रचण्ड सहित वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देव गुरुङ, उपमहासचिव वर्षमान पुन लगायत नेताहरू लाइन लागेर बालकोट पुगेका थिए ।

बालकोटमा एमाले अध्यक्ष ओली सहित उपाध्यक्ष विष्णु पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिव विष्णु रिमाल लगायत नेताहरू सहभागी थिए । यस्तै ओली प्रचण्डसँगको छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने समेत सहभागी भएका थिए । ओली निवास बालकोटमा भएको छलफलमा प्रचण्डको नेतृत्वमा बहुमत पुर्‍याएर नयाँ सत्ता गठबन्धनका नेताहरू शीतलनिवास पुगेका थिए ।



## प्रधानमन्त्रीमा प्रचण्डलाई १६९ सांसदको समर्थन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाका कुल एक सय ६९ सांसदसहित नेकपा (माओवादी) केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई समर्थन दिएका छन् । नेपालको संविधानअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले दिएकी आइतवार साँझसम्मको समयसीमाभित्रै अध्यक्ष दाहाललाई प्रधानमन्त्रीकालागि दाबी पेश गर्नु परेको थियो ।

नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम माओवादी केन्द्रका संसदीय दलका नेतासमेत रहेका अध्यक्ष दाहाललाई प्रधानमन्त्रीका लागि दाबी पेश गरेका थिए । उनलाई कुल एक सय ६९ सांसदको समर्थन छ ।

त्यसमा नेकपा (एमाले) को ७८, माओवादी केन्द्रको ३२, राष्ट्रिय स्वतन्त्र पार्टीको २०, राष्ट्रिय प्रजातन्त्र पार्टीको १४, जनता समाजवादी पार्टीको १२, जनमत पार्टीको ६, नागरिक उन्मुक्ति पार्टीका चार र अन्य तीन स्वतन्त्र सांसदको समर्थन छ ।

राष्ट्रपति भण्डारीलाई पेश गरिएको समर्थनपत्रमा एमाले संसदीय दलका नेता केपी शर्मा ओली, माओवादी केन्द्रका दल नेता दाहाल, स्वतन्त्र पार्टीका संसदीय दलका नेता रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता राजेन्द्र लिङ्देनले हस्ताक्षर गरेका छन् ।

यस्तै, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका संसदीय दलका नेता चन्द्रकान्त राउत, नागरिक उन्मुक्ति पार्टीका संसदीय दलका नेता रञ्जिता श्रेष्ठले हस्ताक्षर गरेका छन् । यसैगरी स्वतन्त्र सांसद प्रभु साह, किरण साह र डा अमरेशकुमार सिंहले पनि समर्थन गरेका छन् ।

## चार पटक निर्वाचित प्रचण्ड तीन पटक प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । पहिलो पटक २०६४ सालको पहिलो संविधानसभा निर्वाचनपछि गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री भएका प्रचण्ड चार पटक निर्वाचित हुँदा तीन पटक प्रधानमन्त्री भएका छन् । माओवादी शान्ति प्रक्रियामा आएपछिको पहिलो पटक प्रचण्ड प्रधानमन्त्री हुन सफल भएका थिए । तत्कालीन प्रधानसेनापति रुकमाङ्गत कटुवाल काण्डमा प्रचण्डले नौ महिना पुग्दा नपुग्दै राजीनामा दिन बाध्य भए ।

वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान घोषणा भएपछि प्रचण्ड दोस्रो कार्यकाल प्रधानमन्त्री हुन सफल भएका थिए । २०७३ साल साउन १९ गतेदेखि २०७४ साल जेठ २३ गते झण्डै १० महिना प्रधानमन्त्री हुने अवसर पाएका थिए । पहिलो संविधान सभा चुनावमा रोल्पा २ र काठमाण्डु १० बाट प्रत्यक्ष निर्वाचित हुन सफल भए । दोस्रो संविधान सभा चुनावमा काठमाण्डु १० बाट पराजित भए भने सिराहा-५ बाट निर्वाचित हुन सफल भए । २०७४ सालको चुनावमा चितवन ३ बाट र यस निर्वाचनमा गोरखा २ बाट निर्वाचित भएका छन् ।

# जसपालाई २ र जनमतलाई १ मन्त्रालय

**टुडे समाचारदाता**

काठमाण्डु । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्व सरकारलाई समर्थन दिएका दुई राजनीतिक दल जनता समाजवादी पार्टी (जसपा) ले दुई र जनमत पार्टीले एक मन्त्रालय पाउने भएको छ । सोमबार प्रधानमन्त्रीसहित केही मन्त्रीले शपथ ग्रहण गर्ने कार्यक्रम रहेको छ ।

जसपाले पाउने दुई मन्त्रालयमा अशोक राई र नवलकिशोर साह सम्भावित मन्त्रीको रुपमा रहेका छन् । अशोक राईको नेतृत्वमा जसपा सरकारमा जाने भएको छ भने जनमत पार्टीवाट अध्यक्ष सीके राउतनै मन्त्री बन्ने भएको छ ।

जसपाले दिएको समर्थनमा उप-राष्ट्रपति सहित दुई मन्त्रालयको कुरा भए पनि उप-राष्ट्रपतिका लागि कुराकानी भइ रहेको जनाइएको छ । तर, पार्टीका अध्यक्ष यादवले उप-राष्ट्रपति सहित दुई मन्त्रालयमा दाबी गरेका छन् ।

त्यस्तै माओवादी केन्द्रको चुनाव चिन्ह लिएर प्रतिनिधिसभाको निर्वाचनमा विजयी भएका महेन्द्र राय यादवलाई पनि मन्त्री बनाउने भएको छ । उनी बाबुराम भट्ट्राईको तर्फबाट सरकारमा सहभागी हुने भएका छन् ।

एमालेबाट पार्टीका सचिव तथा धनुषा निर्वाचन क्षेत्र नम्वर ४ र ३ बाट विजयी भएका रघुवीर महासेठ र जुली महासेठ मध्ये एक जनालाई मन्त्री बनाउने भएको छ । दुबैले आलोपालो मन्त्रालय पाउने निश्चित देखिएको छ । सोही पार्टीका उपाध्यक्ष विष्णु पौडेल अर्थमन्त्री, जुली महासेठ र ज्वाला साह मध्ये एक जनालाई मन्त्री बनाइने भएको छ । त्यस्तै प्रचण्डलाई समर्थन दिएका मधेश प्रदेशका तीन स्वतन्त्र सांसदहरु मध्ये एक जना मन्त्री बन्ने भएका छन् । स्वतन्त्रहरु प्रभु साह, किरण साह र अमरेश सिंह मध्ये एक जनामा अमरेश सिंह मन्त्री बन्ने भएका छन् । प्रभु साहलाई केपी शर्मा ओलीले नचाहेका कारण उनी मन्त्री बन्ने छाटकाट देखिएको छैन् भने किरण प्रभुकै पक्षधर रहेका कारण उनी पनि मन्त्री बन्ने लाइनबाट आउट भएका छन् ।

# संकटमा नेपाल

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल संकटमा परेका छन् । आइतबार प्रधानमन्त्रीमा नियुक्त भएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपा एसलाई छाडेर सरकार बनाएपछि अध्यक्ष नेपाल संकटमा परेका छन् ।

पाँच दलीय गठबन्धनमा सहभागी नेपाली कांग्रेस र माओवादी केन्द्रमा प्रधामन्त्रीका लागि विवाद भएपछि गठबन्धनमा आबद्ध भएकाहरु मध्ये नेकपा एसका सांसदहरु यताउति हुने सम्भावना बढेको छ । नेकपा एसले थ्रेस होल्ड पार गर्न सकेको छैन् ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेकपा एसका केही सांसदहरुलाई मन्त्रीको प्रलोभनमा पारेर नेकपा एसलाई ध्वस्त पार्ने रणनीति बनाएको स्रोतको दाबी छ ।

नेकपा एस संग माधवकुमार नेपाल संगै १० वटा सांसद छन् । तर, ओली १० मध्ये अधिकांश सांसदहरुलाई आफू तिर ल्याउने प्रयासरत्त रहेका छन् । नेपालले आफ्ना सांसदहरुलाई व्यवस्थापन गर्न नसके पार्टी धरापमा पर्ने देखिन्छ ।


नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.

जनकपुरधाम-७, धनुषा

सिट खाली भएको बारे सूचना

सूचना प्रकाशित मिति : २०७९/०९/०४

उपरोक्त विषयमा यो छ कि यस नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि., जनकपुरधाम-७, धनुषामा संचालित

PCL in Dental Science

(३ वर्ष) कोर्षमा १४ वटा सिट खाली भएको हुनाले स्वास्थ्य तर्फका प्रवेश परिक्षा उत्तिर्ण विद्यार्थीहरुले ७ (सात) दिन भित्र आफ्नो शैक्षिक योग्यताको प्रमाण-पत्र सहित निवेदन दिनु हुनका लागि जानकारी गराउँदछौं ।



विस्तृत जानकारीका लागि

NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.

Janakpurdham - 7, Dhanusha

(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हँस्पिटल देखी १०० मी. अगाडि)

Contact No. : - 9844022464, 9817686279, 9804871851



जाडोमा लिनुपर्ने सावधानीहरु



पानी प्रशस्त पिउने

शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।



Warm Up गर्ने

शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।



हिंडाइको गति कम गर्ने

चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।



मदिरा र चुरोट सेवन नगर्ने

जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।



चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण




जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरुरी छ ।



धेरै चिल्लो खानेकुरा नखाने

जाडोमा कोलेस्ट्रोल बढने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।



चिसोमा हिड्दा छाती दुख्नु

मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ ।



औषधिको नियमित प्रयोग

मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।



व्यायमको बेलामा चिसोबाट सुरक्षा

यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

छिपहरमाई गाउँपालिका

भिस्वा, पर्सा, मधेश प्रदेश

# तेस्रो पटक प्रधानमन्त्रीमा नियुक्त दाहालको राजनीतिक जीवन



काठमाण्डु । प्रतिनिधिसभाका कूल एक सय ६९ सांसदको समर्थनसहित नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' तेस्रो पटक नेपालको प्रधानमन्त्रीमा नियुक्त हुनुभएको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रतिनिधिसभाका सदस्य दाहाललाई प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको हो। गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि विकसित राजनीतिक घटनाक्रमसँगै उहाँ प्रधानमन्त्री बन्न सफल हुनुभएको हो । उहाँको नियुक्तिसँगै निर्वाचन परिणाम प्राप्त भएपछि विकसित राजनीतिकरूपमा देखिएको अन्योल स्वतः सकिएको छ।

पछिल्लो निर्वाचनमा मतका आधारमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्र क्रमशः पहिलो, दोस्रो र तेस्रो शक्तिका रूपमा स्थापित भएका हुन्। विसं २०६४ मा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा सबैभन्दा ठूलो दलको अध्यक्षको हैसियतमा तथा २०७३ साउनमा नेपाली कांग्रेसको समर्थनमा दाहाल प्रधानमन्त्री हुनुभएको थियो। उहाँले दोस्रो कार्यकालमा आफूले जनअपेक्षाअनुसार काम गर्नसकेको सार्वजनिकरूपमा नै बताउँदै आउनुभएको छ।

नवनियुक्त प्रधानमन्त्री दाहाललाई नेकपा (एमाले)को ७८, माओवादी केन्द्रको ३२, राष्ट्रिय स्वतन्त्र पार्टीको २०, राष्ट्रिय प्रजातन्त्र पार्टीको १४, जनता समाजवादी पार्टीको १२, जनमत पार्टीको छ, नागरिक उन्मुक्ति पार्टीका चार र अन्य तीन स्वतन्त्र सांसदको समर्थन छ।

उहाँ विसं २०६५ को साउनमा गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको थियो। यस्तै, २०७३ साउन १९ गते दोस्रो पटक प्रधानमन्त्री बन्नुभएका उहाँ २०७४ जेठ २३ गतेसम्म कार्यकारी प्रमुखका रूपमा रहनुभएको थियो । एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा आज बसेको बैठकले अध्यक्ष दाहाललाई प्रधानमन्त्री बनाउने निर्णय गरेको थियो।

नवनियुक्त प्रधानमन्त्री दाहालको जन्म विसं २०११ मङ्सिर २६ गते कास्की जिल्लाको ढिकुरपोखरी गाविस वडा नं २ लेवाडेमा भएको हो। पिता मुक्तिराम र माता भवानीका जेठो छोरा दाहालले आफ्नो प्रारम्भिक शिक्षा कास्कीको ढिकुरपोखरीमा नै लिनुभयो। विसं २०२६ मा चितवनको नारायणी विद्या मन्दिर मावि शिवनगरबाट प्रवेशिका परीक्षामा उत्तीर्ण भई २०२७-२०२९ पाटन बहुमुखी क्याम्पसबाट आइएस्सी पूरा गरी २०३१-२०३३ सालमा रामपुर कृषि क्याम्पसबाट कृषिमा बिएस्सी गर्नुभएको थियो । उहाँले एमपीएसम्मको अध्ययन गर्नुभएको छ । नवनियुक्त प्रधानमन्त्री दाहालले कक्षा १० मा अध्ययनरत हुँदा छविलाल दाहाल नाम परिवर्तन गरी पुष्पकमल दाहाल नामकरण गर्नुभएको हो। विसं २०३८ देखि २०६३ सम्म भूमिगत अवस्थामा रहँदा उहाँको कल्याण, विश्वास, निर्माण र प्रचण्ड नाम रहेको थियो। हाल उहाँ आफू पुष्पकमलभन्दा प्रचण्ड भनिनुमा नै गौरव गर्नुहुन्छ।

विसं २०१९ मा ढिकुरपोखरी-२ बाट चितवन भरतपुरको शिवनगर गाविसमा बसाइँसराइ गर्नुभएका दाहालको विसं २०२६ वैशाखमा सीता पौडेलसँग विवाह भएको हो । उहाँका तीन छोरी र एक छोरामध्ये एक छोरी र छोरा प्रकाशको निधन भइसकेको छ।

उहाँ नारायणी विद्या मन्दिर मावि शिवनगर (२०२९) साल, डण्डा मावि नवलपरासी र भीमोदय मावि, आरुघाट, गोरखा (२०३३-०३५) सालमा अध्यापन गर्नुभएको थियो। विसं २०२८ मा नेकपाको पुष्पलाल समूहबाट पार्टीको सदस्यता प्राप्त गरेर आफ्नो राजनीतिक जीवन प्रारम्भ गर्नुभएका दाहालले रामबहादुर थापा 'बादल', मित्र दवाडी, खेम भण्डारी र पुष्प भुर्तेलसँग मिलेर २०३१ सालमा मार्क्सवादी अध्ययन समूह गठन गर्नुभएको थियो।

उहाँ २०३४ सालमा चौथो महाधिवेशनमा प्रवेश गरी २०३५ सालमा पूर्णकालीन कार्यकर्ता र २०३६ सालमा चितवन जिल्ला समिति सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँ विसं २०३८ मा क्षेत्रीय ब्यूरो सदस्य एवं अखिल नेपाल युवक सङ्घको केन्द्रीय समितिको महासचिव भई २०४० मा सङ्घको केन्द्रीय अध्यक्षमा निर्वाचित हुनुभएको थियो।

विसं २०४१ मा नेकपा (मशाल)को पाँचौँ महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित, २०४२ मा पोलिटब्युरो सदस्य, २०४६ मा महामन्त्री र २०४८ सालमा नेकपा (एकताकेन्द्र)को महामन्त्री हुनुभयो।

यसैगरी २०५१ सालमा तत्कालीन नेकपा-एकता केन्द्रको प्रथम राष्ट्रिय सम्मेलनपछि बसेको तेस्रो विस्तारित बैठकपछि पार्टीको नाम फेरेर नेकपा (माओवादी) राखेपछि महामन्त्री हुनुभएका प्रचण्डले २०५२ सालदेखि सुरु भएको जनयुद्धको नेतृत्व गर्नुभयो । विसं २०५७ मा दोस्रो राष्ट्रिय सम्मेलनबाट नेकपा माओवादीको अध्यक्ष हुनुभयो । विसं २०५८ मा जनमुक्ति सेना नेपालको सर्वोच्च कमान्डर रहनुभएका दाहाल २०६३ साल असार २ गते बालुवाटारमा पत्रकार सम्मेलन गरी काठमाडौँमा भूमिगत जीवनबाट सार्वजनिक हुनुभएको थियो।

विसं २०६९ मा बृहत्तर लुम्बिनी विकास निर्देशक समितिको अध्यक्ष बन्नुभएका प्रधानमन्त्री दाहाल विसं २०६९ मा हेटौँडामा सम्पन्न राष्ट्रिय सम्मेलनबाट अध्यक्ष पदमा निर्वाचित हुनुभयो । उहाँ विसं २०७० मा विराटनगरमा सम्पन्न एकताको महाधिवेशनबाट पुनःअध्यक्ष पदमा निर्वाचित हुनुभयो । यस्तै, २०७८ पुसमा सम्पन्न भएको पार्टीको आठौँ महाधिवेशनबाट अध्यक्ष निर्वाचित हुनुभयो।

साथै उहाँले उच्चस्तरीय राजनीतिक समितिको संयोजकको भूमिकासमेत निर्वाह गरिसक्नुभएको छ । अध्यक्ष दाहालका 'नेपाली क्रान्तिका समस्या' (भाग १, २ र ३) 'सांस्कृति, कला र सौन्दर्य चिन्तन', 'प्रचण्डका छानिएका रचना' खण्ड १ र २ तथा 'प्रचण्डका छानिएका सैन्य रचना'लगायतका पुस्तक प्रकाशित छन्।

उहाँ २०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा काठमाडौँ-१० र रोल्पा-२ बाट निर्वाचित हुनुभएको थियो । २०७० मङ्सिरमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा सिराहा-५ बाट निर्वाचित हुनुभएको थियो। संविधानसभाको दोस्रो निर्वाचन, २०७० मा सिरहा क्षेत्र नं ५ बाट निर्वाचित प्रचण्ड २०७३ साउन १९ गते व्यवस्थापिका-संसद्मा तीनसय ६३ सदस्यको बहुमत प्राप्त गरी नेपाल सरकारको ३९ औँ प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो।

यस्तै, २०७४ मङ्सिर २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवन क्षेत्र नं ३ बाट अध्यक्ष प्रचण्डले ४८ हजार दुई सय ७६ मत प्राप्त गरी प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभयो । तत्कालीन वाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा झण्डै दुई तिहाइ मत प्राप्त भए पनि पूरा कार्यकाल चल्न सकेन।

विसं २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटन भएपछि तत्कालीन नेकपामा फुट आयो । सर्वोच्च अदालतको आदेशपछि तत्कालीन पाँच दलीय गठबन्धनको तर्फबाट २०७८ असार २९ गते शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भयो । सो सरकारले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गऱ्यो।रासस

# राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुन यस्तो छ मापदण्ड

काठमाण्डु। कुनै अध्ययन नै नगरेर योजना छनोट गर्ने र त्यसमा थोरै बजेट राख्दै समयमात्र व्यतित गर्ने प्रणालीको अन्त्यका लागि सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड बनाएको छ।

राष्ट्रिय योजना आयोगले निर्धारण गरेको 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड- २०७९' तय गरेर कार्यान्वयनमा ल्याएको छ । मापदण्डअनुसार राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना हुन केही न्यूनतम मापदण्ड तय गरिएको हुनुपर्छ।

त्यसमा विस्तृत आयोजना प्रतिवेदन तयार भएको, स्रोत लगानी सुनिश्चितताको प्रमाण भएको, चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्रभित्र परेको र आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको पत्र र सम्बन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय भएको हुनुपर्नेछ।

राष्ट्रिय योजना आयोगले हरेक वर्ष स्वीकृत गर्ने मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रममा पहिलो प्राथमिकता र दोस्रो प्राथमिकताका आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना रहेको व्योहोरा वन तथा वातावरण मन्त्रालयलगायत सबै मन्त्रालयलाई जानकारी गराउनुपर्नेछ।

वार्षिक विकास कार्यक्रममा उल्लेखित पहिलो प्राथमिकता र दोस्रो प्राथमिकता आयोजनाबाहेकका राष्ट्रिय आयोजना बैंकमा सूचीकृत भई विश्लेषण भएका आयोजनाका हकमा विषय क्षेत्र हेर्ने राष्ट्रिय योजना आयोगका सदस्यको सिफारिसमा आयोगले आवश्यकताका आधारमा राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ।

मापदण्डअनुसार प्रादेशिक प्राथमिकतामा रहेको आयोजनालाई राष्ट्रिय प्राथमिकता भएको नभएको निर्धारण गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयको निर्णयसहित सिफारिस भएमा राष्ट्रिय योजना आयोगको सम्बद्ध क्षेत्र हेर्ने सदस्यको सिफारिस आवश्यक पर्नेछ।

स्थानीय तहको प्राथमिकतामा रहेका आयोजनालाई राष्ट्रिय प्राथमिकता भए नभएको निर्धारण गर्नुपर्ने भए सम्बन्धित स्थानीय तहको गाउँ नगरसभाबाट स्वकिृत भएका र सोही तहले सिफारिस गरेपश्चात् सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएमा आयोगको सम्बद्ध विषय हेर्ने सदस्यको सिफारिसमा आयोगले राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ।

गैरसरकारी क्षेत्र वा सामाजिक विकासका लागि समुदायबाट सञ्चालन गर्ने रु १० करोडभन्दा बढी लागतका आयोजनाका हकमा आयोजना सञ्चालन गर्ने स्थानीय तहको कार्यपालिकाबाट निर्णय भएको हुनुपर्नेछ । त्यसलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त भएका आयोगको सम्बद्ध क्षेत्र हेर्ने सदस्यको सिफारिशमा आयोगले राष्ट्रिय प्राथमिकता भए/नभएको निर्धारण गर्नेछ । वन क्षेत्र प्रयोग गर्न स्वीकृति माग भएका खण्डमा उद्योग, वाणिज्य तथा आपूर्ति मनत्रालयको सिफारिसका आधारमा वन तथा वातावरण मन्त्रालयले स्वीकृति दिनुपर्नेछ।रासस

# विपद् व्यवस्थापन र जलवायु अनुकूलनका लागि १० उद्यान

काठमाण्डु । उपत्यका विकास प्राधिकरणले यहाँका विभिन्न स्थानमा १० वटा उद्यान निर्माण गर्ने भएको छ । विपद् व्यवस्थापन र जलवायु अनुकूलनका लागि यी उद्यान निर्माण गर्न लागिएको प्राधिकरणका सूचना अधिकारी एवं इञ्जिनीयर सौरब ढकालले राससलाई जानकारी दिनुभयो।

प्राधिकरणले शङ्खरापुर नगरपालिकामा शाली नदी उद्यान, नागार्जुन नगरपालिकामा घटालबाबा मन्दिर उद्यान, कागेश्वरी मनोहरा नगरपालिकामा कागेश्वरी र नवतनधाम उद्यान, कीर्तिपुर नगरपालिकामा चम्पादेवी उद्यान निर्माण गर्न लागिएको जनाएको छ।

यसैगरी ललितपुर महानगरापालिकामा तीन उद्यान निर्माण गरिने भएको छ । महानगरपालिकाको १३ नं वडामा मच्छेन्द्र उद्यान, वडा नं २१ मा पञ्चोद्यान, वडा नं २७ मा बालकुमारी उद्यान निर्माण गरिने उहाँले बताउनुभयो । महानगरपालिकाकै वडा नं २५ सैंबु भैँसेपाटीमा रहेको सार्वजनिक जग्गा संरक्षण गरी उद्यान निर्माण गर्न लागिएको छ।

ललितपुरकै महालक्ष्मी नगरपालिका-८ ढुङ्गेटोलस्थित लुभू माध्यमिक विद्यालयपछाडि रहेको सार्वजनिक जग्गा संरक्षण गरी उद्यान निर्माण गरिने भएको छ। उद्यान निर्माण कार्यक्रमअन्तर्गत भक्तपुरका विभिन्न स्थानमा रहेको सार्वजनिक जग्गा संरक्षण गरी हरियाली प्रवर्द्धन गरिने भएको छ।

भक्तपुरका स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक जग्गा संरक्षण गरी ती स्थानमा उद्यान निर्माण गर्न लागिएको हो । तीनै जिल्लामा उद्यान निर्माणका लागि रु १० करोड बजेट विनियोजन गरिएको जानकारी पनि प्राधिकरणले दिएको छ।रासस

# काठमाण्डुमा यस वर्षकै चिसो दिन

काठमाण्डु । काठमाण्डुमा यस वर्षकै सबैभन्दा बढी चिसो मापन गरिएको छ। यहाँको न्यूनतम तापक्रम आज ४ दशमलव ५ डिग्री सेल्सियस मापन गरिएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

शनिबार काठमाण्डुको न्यूनतम तापक्रम ५ दशमलव ३ डिग्री सेल्सियस मापन गरिएको थियो । केही दिनयतादेखि काठमाडौँसहित देशभरकै तापक्रम घट्न थालेको महाशाखाले जनाएको छ । पुस लागेसँगै देशभर चिसो बढेको छ। यसैगरी आइतवार जुम्लाको न्यूनतम तापक्रम माइनस ५ दशमलव ६ डिग्री सेल्सियसमा झरेको छ भने जोमसोमको माइनस ६ दशमलव १ र जिरीको माइनस शून्य दशमलव ७ डिग्री सेल्सियस मापन गरिएको मौसमविद् हिरा भट्टराईले जानकारी दिनुभयो। नेपालमा अहिले पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव रहेको छ । यही प्रभावका कारण आज पश्चिमी क्षेत्रको मौसम बदली हुने मौसमविद् भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार आज सुदूरपश्चिम र कर्णाली प्रदेशको मौसम पूर्ण बदली हुने अनुमान गरिएको छ । काठमाण्डु उपत्यकासहित आसपासका जिल्लामा भने मौसम आंशिक मात्रै बदली हुने अनुमान गरिएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार शनिबार कास्की, खोटाङ र म्यादीका केही ठाउँमा पानी परेको थियो। कास्कीको माछापुच्छ्रे बेस क्याम्पमा गरिएको मापनअनुसार त्यहाँ ३ दशमलव ६ मिलिमिटर, म्यादीको घोरेपानीमा १ दशमलव ५ मिलिमिटर र खोटाङको दूधकोकोसीमा २ मिलिमिटर पानी परेको मापन गरिएको छ।रासस

# छ वर्षमा ३५ हजार इम्बोस्ड नम्बरप्लेट जडान

काठमाण्डु । सवारीसाधनको सुरक्षाका लागि महत्वपूर्ण मानिएको इम्बोस्ड नम्बर प्लेट जडान छ वर्षमा ३५ हजार सवारीसाधनमा मात्रै भएको छ। कानुनीलगायतका विभिन्न कारणले केही अवधि रोकिएको जडान पछिल्लो समय भने न्यून सङ्ख्यामा भए पनि दैनिकरुपमा भइरहेको छ । तर निर्धारित समय सकिन ११ महिना बाँकी रहँदा दुई प्रतिशतभन्दा कम सवारीसाधनमा नम्बर प्लेट जडान भएको विभागको भनाइ छ । इम्बोस्ड नम्बर प्लेट विसं २०८० मङ्सिरसम्म जडान गरिसक्नुपर्नेछ।

इम्बोस्ड नम्बर प्लेट जडानको अहिलेको गति हेर्दा निर्धारित अवधिमा सबै सवारीसाधनमा जडान हुने अवस्था नभएको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुको भनाइ छ।

सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जोड्नुपर्छ भनेर कानुनमा व्यवस्था गरिएकाले सेवाग्राहीले जडान गर्न पाउने तर बाध्यकारी नभएको उहाँको भनाइ छ। सरकारले पाँच वर्षमा २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानको लक्ष्य लिएको छ।

सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान कहिले कानुनी त कहिले भाषाको विवादका कारण अपेक्षाकृत रुपमा हुन सकेको थिएन । इम्बोस्ड नम्बर प्लेट जडानको अवधि गत वर्ष जेठमा सकिएपछि फेरि साढे दुई वर्षका लागि थप गरिएको थियो । इम्बोस्ड नम्बर प्लेट नेपाली भाषामा हुनुपर्ने माग गर्दै अदालतमा मुद्दा दायर भएको थियो। सो मद्दामा दुई वर्ष पहिले अदालतले प्लेट अङ्ग्रेजी भाषामै हुँदा फरक नपर्ने फैसला गरेको थियो।

यातायात व्यवस्था विभागले विसं २०७३ जेठ १७ मा टाइगर आइटी (द कर्पोरेसन)सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो। प्रविधियुक्त इम्बोस्ड नम्बर प्लेटको प्रयोगले सवारीसाधनको चोरी, राजस्व छली र आपराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ।

विभागले सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधारसमेत निर्माण गरिने बताएको छ। आधुनिक र वैज्ञानिक नम्बर प्लेट खरिदका लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो। सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आबद्ध गराउन र सवारीसाधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो। सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ । त्यस्तै नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख थियो।

'स्टिकर' वा ट्र्यागजडित सवारीसाधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा पूर्वाधार निर्माण छ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने। |
| बृष | : प्रेम प्रसंग, मित्र सुख। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : धन बृद्धि सञ्चय। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : बौद्धिक क्षमता। |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : भ्रमण अवसर हुने। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पिकनिक स्पोटको रुपमा विकसित हुँदै गएको जनकपुरधामको नोचा पोखरी स्थित पिकनिक संगै तस्विर खिचाउँदै ।

*तस्विर : टुडे*

# सडक खाली गराइयो

**टुडे समाचारदाता**

मलंगवा । हुलाकी सडक अन्तर्गत सर्लाहीको पर्सा गाउँपालिकामा बल प्रयोग गरी सडक खाली गराइएको छ ।

सडकको मापदण्डभित्र पर्ने घर तथा अन्य संरचना भत्काउन स्थानीयलाई पटक-पटक सूचना गर्दा पनि बेवास्ता गरेपछि जिल्लामा भएको सर्वपक्षीय बैठकको निर्णयानुसार सडक खाली गराइएको छ ।

पुस १ गते मलंगवामा बसेको सर्वपक्षीय बैठकले हुलाकी सडकमा अतिक्रमण खाली गर्ने जिम्मेवारी पालिकालाई दिइएको थियो ।

सो निर्णय अनुसार पर्सा गाउँपालिकाका अध्यक्ष धीरेन्द्र राय यादवको नेतृत्वमा सडकको मापदण्डभित्र पर्ने घर भत्काउने र सीमांकन गर्ने काम गरिएको छ । पर्सा गाउँपालिका-६ का वडाध्यक्ष गणेश साहले शनिबार र आइतबार दुई दिनमा सडकको मापदण्डभित्र पर्ने संरचनालाई सडक खाली गराएका छन् ।

वडाध्यक्ष साहले वडाले कयौं पटक सूचना निकालेर सडक खाली गराइदिन आग्रह गरे पनि अटेर गरिएपछि बल प्रयोग गर्नुपरेको बताए ।'वडाले धेरै पटक सूचना निकालेर आग्रह गर्‍यौं तर कसैले टेरेनन्, जिल्लाबाटै निर्णय भएपछि हामीलाई जसरी पनि सडक खाली गराउन दबाब पर्‍यो,' वडाध्यक्ष साहले बताए ।



सडक खाली गराउन सदरमुकाम मलंगवाबाट समेत थप सहयोगका लागि प्रहरी पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीले हुलाकी सडक खाली गराउन आवश्यक सुरक्षा प्रवन्ध मिलाइएको बताए । करिव ४१ किलोमिटर लामो सर्लाहीको पूर्व-पश्चिम हुलाकी सडक वर्षौंदेखि जीर्ण अवस्थामा छ। सडक कालोपत्रे नहुँदा स्थानीय वासिन्दा र यात्रुले अहिले धुलोको मार खेपिरहेका छन् ।

हुलाकी सडक निर्देशनालय योजना कार्यालय जनकपुरले सडक खाली भए पश्चात सडक कालोपत्रेको काम अघि बढाइने जनाएको छ ।

हुलाकी सडक निर्माण गर्न माग गर्दै केही दिनअघि जिल्लाको ब्रह्मपुरी, मलंगवा, मुसैली, कौडेनालगायतका स्थानीयले चक्काजाम गरेका थिए ।

चारैतिर सडक अवरुद्ध हुन थालेपछि सडक निर्माण गर्न दबाव बढेको थियो । पर्सा गाउँपालिकाबाहेक हुलाकी सडकमा पर्ने अन्य पालिकामा पनि यसैगरी बल प्रयोग गरेरै सडक खाली गर्ने तयारी भइरहेको बुझिएको छ ।

# पिसल्याण्डको जित

**टुडे समाचारदाता**

राजविराज । राजविराज क्रिकेट विकास प्रतिष्ठानद्वारा संचालित अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको उद्घाटन खेलमा पिसल्याण्डले जित हासिल गरेको छ।

पब्लिक विन्देश्वरी माध्यमिक विद्यालय राजविराजमा आइतबार सम्पन्न उद्घाटन खेलमा लिटिल एन्जेललाई १४ रनले पराजित गर्दै पिसल्याण्डले जित हासिल गरेको छ। प्रतितियोगिताको राजविराज वडा ६ का वडा अध्यक्ष शशी चौधरीले ब्याटिङ्ग र वडा ५ का अध्यक्ष बन्धु दासले बलिङ्ग गर्दै उद्घाटन गरेका थिए।



उद्घाटन खेलमा टस जितेर पिसल्यान्डले ब्याटिङ्ग गर्दै निर्धारित २० ओभरको खेलमा ७ विकेट गुमाई १ सय ३२ रनको योगफल खडा गरेका थिए। जसमा बरूणदेव गामी अर्धशतकीय पारी खेल्दै ६२ रन जोडेका थिए भने श्यामबाबु मण्डलले १३ रन बनाएका थिए।

बलिङ्गतर्फ लिटिल एन्जेलका साहेल आलम, शिव दास, गोपाल मण्डल, भीम यादव र कर्ण बहादुर विक १/१ विकेट हात पारेका थिए । प्रतिउत्तरमा लिटिल एन्जेलले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १ सय १८ रनमै सीमित रहेका थिए । जसमा प्रियान्सु कर्ण २९ रन, श्रवण मुखिया २५ रन, कर्ण बहादुर विक १७ रन बनाएका थिए । बलिङ्गतर्फ पिसल्यान्डका शनि यादव ३ विकेट, प्रदीप दास २ विकेट आर्यन दास १ विकेट हात पारेका थिए। खेलको म्यान अफ दि म्याच बरूणदेव गामी घोषित भएका भएका छन्। क्रिकेट प्रतिष्ठानका अध्यक्ष ईन्द्रनारायण देवको अध्यक्षतामा संचालित प्रतियोगिता डब्बल राउण्ड रोबिनको आधारमा खेलाइने बताइएको छ।

गत पुस २ गतेदेखि ९ गतेसम्म सप्तरी क्रिकेट संघद्वारा संचालित अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको विजेता, उपविजेता र सहभागी ६ टीममध्ये एक वटा टीम बनाइ प्रतिष्ठानको टीम हुनेगरी ३ वटा टीमबीच डब्बल राउन्ड रोबिनको आधारमा खेलाइने आयोजक समितिका सन्तोष यादबले जानकारी दिए।

# साहसिक पार्क संचालनमा

**टुडे समाचारदाता**

वीरगञ्ज । साहसिक र रमाइलो अनुभव खोजी गर्नेहरुका लागि यहाँ साहसिक पार्क संचालनमा आएको छ। वीरगञ्ज महानगरपालिकाको वडा नम्वर १४ बाईपासको बोलबम पेट्रोल पम्प नजिक संचालनमा ल्याइएको 'वर्ल्ड अफ अण्डर' नामक पार्कमा रोमाञ्चक र साहसिक खेलले आनन्द लिन सकिने छ।

वीरगञ्जमा दिन बिताउनका लागि आवश्यक घुमफिर गर्ने स्थानको अभाव रहेकोमा अब यो पार्क संचालनमा आएसंगै वीरगञ्ज घुम्न आउने तथा स्थानीयका लागि पनि दिन बिताउन पार्क फलदायी रहने छ।

डेढ विघा जग्गामा ८ करोडको लगानीमा संचालनमा ल्याइएको पार्कमा विभिन्न प्रकारका साहसिक खेलका साथै आकर्षक सजावट गरिएको छ।



पार्कमा जिपलाइन, स्काई साइकल, मल्टिपल रोप कोर्स, र्‍यापेलिङ, र वाल क्लाइम्बिङ जस्ता साहसिक खेलको अनुभव लिन सकिने जनाइएको छ।

वीरगञ्ज बाहिर गएर यस्ता खेलको अनुभव लिनुपर्ने बाध्यता पार्क संचालनमा आएसँगै हटेको पार्कका सञ्चालक सौरभ केडिया बताउँछन् ।

५ जना व्यवसायीको संयुक्त लगानीमा संचालनमा ल्याइएको यो पार्कमा साहसिक खेलका साथै रोमाञ्चक बहु खेल मैदान पनि रहेको छ । जसमा फुटबल, टेनिस, भलिबल र क्रिकेट खेलको अत्याधुनिक सुविधा पनि लिन सक्ने केडिया बताउँछन् ।

पार्क भित्र छिरिसकेपछि खाजा नास्ताका लागि यहाँ घुम्न आउनेहरु बाहिर निस्कनु नपर्ने गरी व्यवस्था मिलाइएको छ। आवश्यक खानेकुरा तथा पेय पदार्थ पार्कभित्रै स्टलमा प्राप्त गर्नसक्ने गरी व्यवस्था मिलाइएको अर्का संचालक दीपक बेद्यले बताए।

पार्कको आइतबार विधिवत पूजा गरेर संचालनमा ल्याइएको छ। वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले विधिवत पूजा गरी पार्कको उद्घाटन गरेका छन् ।

उनले यस्ता पार्कले घुम्न आउनेका लागि समय व्यतीत गर्ने ठाउँ मात्रै नभइ रोजगारी सिर्जना गरेर अर्थतन्त्र चलायमान बनाउने विश्वास व्यक्त गरे ।

# हत्या आरोपमा एक पक्राउ, दुई फरार

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा हत्या आरोपमा एक जना पक्राउ परेका छन् । सम्सी गाउँपालिका २ का ४९ वर्षीय मोहम्मद खुर्सैद अन्सारीको हत्या आरोपमा ३५ वर्षीय अब्दुल सलामलाई प्रहरीले पक्राउ गरेको छ।

घटनामा संलग्न रहेको मुख्य योजनाकारलाई पक्राउ गरेको महोत्तरीका प्रहरी निरीक्षक रञ्जन मिश्रले जानकारी दिए।

उनका अनुसार घटनामा संलग्न अन्य दुई जना फारर रहेका छन् । लागू औषध प्रयोग गरी उनीहरुले यातना दिइ हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उनीहरुले यातना दिने बेलाको भिडियोसमेत मोबाइलमा कैद गरेका छन् । गएको बुधबार खुर्सेद घरको काम गर्न अब्दुलको घरमा गएको थियो । खुर्सैदलाई अर्ध नग्न एवम् गम्भीर अवस्थामा घरबाहिर दैलोमा फालेपछि स्थानीयबासिन्दाले थाहा पाएका थिए।

खुर्सैदलाई तत्कालै आफन्तजनले उपचारका लागि अस्पताल लगेका थिए । खुर्सैदको जनकपुरको जानकी हेल्थकेयरमा उपचारकै क्रममा आइतबार मृत्यु भएको थियो । प्रहरीले घटना भएकै दिन घटनास्थल पुगेर अब्दुललाई नियन्त्रणमा लिएको छ।

# नेपाल जेसिजको राष्ट्रिय अध्यक्षमा मानन्धर विजयी

वीरगञ्ज । यहाँ सम्पन्न नेपाल जेसीजको ४९औं महाधिवेशनबाट राष्ट्रिय अध्यक्षमा विकाश मानन्धर विजयी हुनुभएको छ। महाधिवेशनमा अध्यक्ष पदका लागि पाँच उम्मेदवार रहेकामा एक जना उम्मेदवार अनिलबहादुर शाही ककस कार्यक्रममा अनुपस्थित भएकाले उहाँको उम्मेदवारी रद्द भयो भने निर्वाचनबाट मानन्धर विजयी हुनुभयो ।

मानन्धर पाँच सय ९५ मत प्राप्त गरी विजयी हुनुभयो भने उहाँका निकटम प्रतिद्वन्द्वी रविन पोखरेलले दुई सय ९७ मत ल्याउनुभयो । मानन्धर आफ्ना तीन जना प्रतिद्वन्द्वी पोखरेल, सुमन श्रेष्ठ र दीपेन्द्र निरौलालाई पछाडि पार्दै विजयी हुनुभयो ।

यस्तै एक हजार दुई सय ५० मतदाता रहेको नेपाल जेसिजको कार्यकारिणी उपाध्यक्षमा चार पदका लागि नौ जना उम्मेदवार रहेकामा जीवनबहादुर कार्की, कुमारसिंह सान्वा लिम्बू, रजनी थापा र रश्मी बस्नेत विजयी हुनुभयो । उपाध्यक्षमा उम्मेदवार महेशचन्द्र ओझा, समप्रसाद पाण्डे, सुजन बरुवाल, कञ्चन झा र सन्दीप अग्रहरि पराजित हुनुभयो । यसैगरी १२ उपाध्यक्षका लागि १९ जना प्रतिस्पर्धामा रहेकामा भीमबहादुर कुँवर, वीरबहादुर भगत, सरोज अधिकारी, गुरुदेव पौडेल, राजाराम गौतम, अनुप सुनुवार, तेजप्रसाद उप्रेती, चिरञ्जीवी शर्मा, चन्द्रमणि भुसाल, सोनु श्रेष्ठ, राधिका भुसाल र स्वस्तिका आचार्य विजयी हुनुभयो ।

महाधिवेशनबाट एक अध्यक्ष, चार कार्यकारिणी उपाध्यक्ष र १२ उपाध्यक्ष गरी १७ पदका लागि शनिबार मतदान भएको थियो ।रासस

# समुन्नत प्रदेश निर्माण गर्न सकिन्छ : मुख्यमन्त्री राई

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले निजी क्षेत्रको सहयोगबाट समुन्नत प्रदेश निर्माण गर्न सकिने बताउनुभएको छ । 'विराट एक्स्पो' समापनका अवसरमा आज एक्स्पोका सहयोगीलाई प्रशंसापत्र वितरण गर्दै उहाँले यस क्षेत्रका उद्योगीले निर्यातमूलक उद्योग स्थापना गरी रोजगारी सिर्जना र व्यापार घाटा कम गर्नुका साथै समृद्ध प्रदेश निर्माण गर्न सकिने धारणा राख्नुभयो।

मुख्यमन्त्री राईले एक्स्पोको माध्यमबाट प्रदेशका पर्यटकीयस्थलको प्रचारप्रसार भई आगामी दिनमा यस्ता कार्यक्रमले थप महत्व पाउने विश्वास व्यक्त गर्नुभयो । स्वास्थ्यमन्त्री जयराम यादवले एक्स्पोको सञ्चालनबाट दक्षिण क्षेत्रमा आर्थिक चलायमान भएकोमा खुसी व्यक्त गर्नुभयो।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले उद्योगीको चाहनाअनुरुप अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी स्थापनाका लागि आवश्यक छलफल गर्न निजी क्षेत्रलाई आग्रह गर्नुभयो । उद्योग सङ्गठन मोरङका अध्यक्ष सुयश प्याकुरेल, एक्स्पो संयोजक भोलेश्वर दुलाललगायतले एक्स्पोको माध्यमबाट निजी क्षेत्रले प्रदेशमा उद्योग एवं व्यापार स्थापनामा सहयोग पुग्ने आशा व्यक्त गर्नुभयो।

मङ्सिर २९ गतेदेखि पुस १० गतेसम्म सञ्चालन भएको एक्स्पोमा नेपाली र भारतीय गरी तीन लाख बढी दर्शकले अवलोकन गरेको आयोजक जनाएका छन् । एक्स्पोमा विभिन्न विधाका तीन सय ६१ स्टल राखिएका थिए ।रासस

# २४ किलो गाँजा बरामद

**रञ्जन यादब**

कलैया । बारा प्रहरीले २४ किलो प्रतिबन्धित गाँजा बरामद गरेको छ ।

प्रहरीले पचरौता नगरपालिका वडा नं.३ भठी बैरियामा गस्ती गर्नेक्रममा नम्बर नखुलेको मोटरसाइकलमा सवार दुई जनाले गाँजा लिएर जादै गरेको अवस्थामा प्रहरीलाई देखेपछि गाँजाको बोरा फालेर फरार भएका थिए ।

बोरा खोलेर प्रहरीले हेर्दा बोराभित्रबाट तीन वटा पोकामा रहेको २४ किलो गाँजा बरामद गरिएको बाराका प्रहरी प्रवक्ता राजेश थापाले जानकारी दिए ।

गाँजालाई ईलाका प्रहरी कार्यालय सिम्रौनगढमा राखी तस्करहरुको खोजी कार्य भइरहेको थापाले बताए ।

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो पटक सौर्यको जेट विमान अवतरण

पोखरा । निजी वायु सेवा सञ्चालक कम्पनी सौर्य एयरलाइन्सले नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा आइतवार परीक्षण उडान गरेको छ ।

आगामी पुस १७ गतेदेखि विमानस्थल सञ्चालनमा आउने भएपछि सो एयरलाइन्सले सफलतापूर्वक जेट विमानबाट उडान भरेको हो । यससँगै पोखरामा पहिलोपटक सौर्यले उडान गरेको छ। सौर्यले 'सिआरजे २००' विमान अवतरण गराएको हो । हाल सञ्चालनमा रहेको पोखरा विमानस्थलमा प्राविधिक कारणबाट सो विमान अवतरण गर्न नसक्ने भएकाले यसअघि पोखरामा सौर्यको उडान थिएन । सो एयरलायन्सले अङ्ग्रेजी नयाँ वर्षदेखि नियमित उडान गर्ने जनाएको छ ।

विगत आठ वर्षदेखि आन्तरिक उडानमा सक्रिय सौर्यले काठमाडौँ-पोखरा-काठमाडौँ दैनिक दुई उडान गर्ने पोखरा स्टेसनका इञ्चार्ज जितेन्द्र यादवले बताउनुभयो। उहाँका अनुसार युरोप, अमेरिका तथा अन्य देशमा आन्तरिक उडानका लागि लोकप्रिय 'सिआरजे २००' जहाजमा जेट इन्जिन भएकाले सुरक्षित एवं आरामदायीसहित द्रुत गतिको मानिन्छ।



हवाई सेवा सञ्चालनसँगै पर्यटकीय राजधानी पोखराको पर्यटनमा टेवा पुग्ने यादबले बताउनुभयो । यात्रुको सुरक्षालाई पहिलो प्राथमिकता बनाएको एयरलाइन्सले पर्यटनका गतिविधिलाई थप सशक्त बनाउन काठमाडौँ र पोखराका पर्यटन व्यवसायीसँग समन्वय गर्दै अघि बढ्ने जनाएको छ।

इञ्चार्ज यादवले भन्नुभयो, "हाम्रो सेवालाई थप चुस्त बनाउने क्रममा पोखराको इतिहासमै पहिलोपटक जेट विमानमार्फत यात्रुलाई सेवा गराउन पाउनु कम्पनी र यात्रुका लागि खुसीको कुरा हो । पोखराको इतिहासमा पहिलोपटक जेट विमानमार्फत यात्रा गराउन लागेका छौँ ।' पोखरा-काठमाडौँ भाडा सुरुआतमा न्यूनतम रु चार हजार एक सय तोकिएको छ। यात्रुको चापअनुसार अन्य एयरलाइन्ससरह मूल्य तोकिने कम्पनीले जनाएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको तयारीसँगै विमान कम्पनीहरुले परीक्षण उडान गर्दै आएका छन् । केही दिनअघि बुद्धएयर र यति एयरलाइन्सले सफलतापूर्वक परीक्षण उडान गरेका थिए । पुस १७ देखि नवनिर्मित विमानस्थलदेखि आन्तरिक हवाई सेवा दिनका लागि कम्पनीले कार्यालय व्यवस्थापनलगायतका कार्य गरिरहेका छन् ।रासस


## VACANCY ANNOUNCEMENT

**Date of Announcement: December26, 2022**

The Asia Foundation is a nonprofit international development organization committed to improving lives across a dynamic and developing Asia. Working through our offices in 18 countries and informed by deep local expertise and six decades of experience, we address the critical issues affecting Asia in the 21st century by strengthening governance, expanding economic opportunity, increasing environmental resilience, empowering women, and promoting international cooperation.


The Asia Foundation invites applications from interested candidates to support the Foundation's program team forUSAID funded Civil Society and Media (CSM) Activity. **All positions are based in Madhesh and Lumbini Provinces.**

**Media Officer (2)**
**Partnerships, Skills and Coaching Program Officer (2)**
**Challenge Fund Program Officer (2)**
**Program Finance Officer (2)**
**Program Finance Associate (2)**
**Monitoring, Evaluation and Learning (MEL) Associate (2)**

**(Scan above QR Code or use link below for details)**

Applicants are requested to send their applications by **January 8, 2023.** For detailed Job Descriptions and full information on applying procedure, please go to this **link** http://bit.ly/3Ifgmll

*The Asia Foundation is an equal-opportunity employer and is committed to building a diverse and inclusive office environment. Women and people from economically and socially excluded groups are encouraged to apply*



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शान्तिसुरक्षा सुदृढ गर

मधेश प्रदेशमा पछिल्लो २ दिनमा गोली हानी दुई जनाको हत्या गरिएकोछ । बारा जिल्लामा शुक्रवार र धनुषा जिल्लामा शनिवार गोली हानी हत्या गरिएको छ । बारा जिल्लामा हत्या गरिएका व्यक्ति भारतीय नागरिक रहेका थिए । धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाका स्थानीय बासिन्दाको हत्या गरिएकोछ । जुनसुकै कारण भए पनि हत्या गर्न पाइदैन् । कानूनी राज्यमा ढिलोचाँडो सबैले न्याय पाउने विश्वास राख्नुपर्छ । बारा र धनुषा दुबै जिल्लामा भएको हत्या सीमा नजिककै पालिकामा भएकोछ । दुई दिनमा दुईवटा हत्या हुँदा आमनागरिकमा त्रास हुनु स्वभाविक नै हो । हत्या गरेर अपराधी फरार भएका छन् । प्रहरीले अनुसन्धान गरिरहेको छ । हत्याको रहस्य पत्ता लगाई प्रहरीले चाँडै हत्यारा सम्म पुग्ने आशा गरौ । धनुषा जिल्लामा प्रहरी उपरीक्षक (एसपी) छैनन् । सरुवा भएर एकजना एसपी गएका छन् । अर्को एसपी हाजिर भइनसकेको अवस्था छ । धनुषामा आउन लागेका एसपी विश्वराज खड्का यहाँ रहिसकेकाले जिल्लाको विषयमा पूर्ण अनुभवी पनि छन् । तर एसपी नहुँदाको अवस्थामा प्रमुखको जिम्मेवारी निर्वाह गरिरहेका प्रहरी नायव उपरिक्षक (डीएसपी) ले जिल्लामा शान्तिसुरक्षाको अवस्थालाई सुदृढ बनाइराख्नु पर्ने हो । तर यसमा डीएसपी चुकेका छन् । जिम्मेवारी पाएको बेला सफलतापूर्वक निर्वाह गर्न सक्नु पर्छ । सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउन सके उनको पेशागत सम्मान बढने निश्चित छ । जिल्लामा मात्र नभै देशमै शान्तिसुरक्षाको मापन हिंसात्मक घटनाहरुबाट नै गरिन्छ । हत्या, हिंसाको घटनामा कमी आए शान्तिसुरक्षाको अवस्थालाई सुदृढ मानिन्छ । तर हत्याको घटनामा वृद्धि हुँदा शान्तिसुरक्षाको अवस्थालाई भरपर्दो मान्न सकिदैन् । धनुषा र बारा जिल्लामा भएको हत्याले अपराधीहरुको मनोबल बढेको देखिन्छ । हत्यागरी अपराधी फरार हुनु सुरक्षा निकायको कमजोरीलाई उजागर गर्छ । सीमावर्ती क्षेत्रमा सुरक्षा निकायको बाक्लो उपस्थिति छ । नेपाल प्रहरी र सशस्त्र प्रहरीका युनिटहरुको संख्या पनि कम्ती छैन् । तर पनि हत्या गरेर अपराधी उम्किएको देखिन्छ । शान्तिसुरक्षा भरपर्दो नभए सम्म आमनागरिकले सुरक्षित महसुस गर्न सक्दैन् । तराईका जिल्लाहरुमा तस्करी बढनु अस्वभाविक मानिदैन् । सुरक्षा अधिकारीहरुको मिलेमतोमा तस्करी हुने गरिन्छ । तर हत्या जस्ता अपराध बढनु अत्यधिक चिन्ताको विषय हो । हत्या, हिंसालाई सक्दो न्यून गर्नुपर्छ । शान्तिसुरक्षा भरपर्दो नभएसम्म व्यवसाय, शिक्षा, पर्यटन लगायत कुनै पनि क्षेत्र फस्टाउन सक्दैन् । राज्यले हरेक नागरिकलाई शान्तिसुरक्षा प्रदान गर्नुपर्छ । देशमा शान्तिसुरक्षा भरपर्दो नभए सम्म विकासले गति लिन सक्दैन् । बारा र धनुषा जिल्लाको हत्यामा संलग्न अपराधीहरुको पहिचानगरी सक्दो चाँडो कानूनको दायरामा ल्याउनु पर्छ । सुरक्षा व्यवस्थालाई अझ सुदृढ बनाउनु पर्छ । आमनागरिकले सुरक्षित भएको महसुस गर्नु आवश्यक छ ।

# संयुक्त राष्ट्र सुरक्षा परिषदको ढाँचामा सुधारको खाँचो

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको ढाँचामा सुधार आउनुपर्ने र भारत जस्ता विकासशील राष्ट्रहरुको प्रतिनिधित्व बढनुपर्ने जस्ता विषय विगत लामो समयदेखि संयुक्त राष्ट्र संघको महासभामा चर्चाको विषय रहदै आएको छ । अब त जी-२० जस्ता अन्तर्राष्ट्रिय मञ्चहरुबाट समेत पनि यस विषयले महत्व पाउन थालेको छ। सन्तुलनको दृष्टिकोणले र सुमानताको सिद्धान्तलाई मुर्तरुप प्रदान गर्न पनि सुरक्षा परिषदको ढाँचामा समयसापेक्ष परिवर्तन हुनु आवश्यक देखिन्छ । यस विषयमा सुरक्षा परिषद स्थायी समितिका अधिकांश सदस्य राष्ट्रहरु सहित संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरु पनि एकमत रहेका छन् ।

बदलिँदो परिस्थितीमा सुरक्षा परिषदलाई अझ बढी प्रभावकारी, बढी प्रतिनिधित्वकारी, उत्तरदायी एवं सक्षम बनाउनु आवश्यक भइसकेकोले यसको संरचनामा परिवर्तन आउनु पर्दछ । हुनत विश्वको सबैभन्दा ठुलो लोकतान्त्रिक देश भारत सहित ब्राजिल, जर्मनी र जापान जस्ता देशको नाम पनि चर्चामा आउने गरेको छ तर भारतको दाबी बढी तथ्य एवं तर्क संगत तथा सान्दर्भिक देखिन्छ ।

हाल भारत संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको पनि अध्यक्षता गरिरहेको छ । जी-२० को पनि नयाँ नेतृत्व उसैको काँधमा छ । संघाई सहयोग संगठन, ब्रिक्स, आशियान र क्वाड जस्ता अन्तर्राष्ट्रिय एवं क्षेत्रिय संगठनहरुमा उसको प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह हुँदै आएको छ । संयुक्त राष्ट्रसंघको भूमिकालाई प्रभावकारी एवं सबैका निम्ति स्वीकार्य बनाउन पनि सुरक्षा परिषदको ढाँचामा सुधारको आवश्यकता देखिन्छ ।

संयुक्त राष्ट्रसंघको चार्टर (वडापत्र) मा पनि विश्वका आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय समस्याको समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगको बिस्तार गरिने लक्ष्य राखिएको छ । सन् २००१ को सेप्टेम्बर ९ को आतंककारी घटना, केही वर्ष अघि ७ जुलाईमा लण्डनमा भएको आतंककारी घटना, भारतको संसद भवन र त्यसको केही वर्ष पछि मुम्बईको होटेल ताजमा भएको आतंककारीघटना लगायत विश्वका अन्य केही ठाउँमा आतंककारी घटनाप्रति साझा चिन्ता व्यक्त हुनु र यसको विरोधमा साझा अभियान चलाइनु पनि आवश्यक छ तर सुरक्षा परिषदका सबै सदस्य राष्ट्र नै यस विषयमा एक मत देखिदैनन् । अब त सुरक्षा परिषदको निर्णय पनि बहुमतको आधारमा हुनुपर्ने गरी त्यसको चार्टरमा संशोधन हुनु आवश्यक देखिन्छ । किनभने आतंकका घटना र आतंककारीको परिभाषा पनि रोजाईको आधारमा हुने गरेको छ ।

संयुक्त राष्ट्रसंघ तथा यसका विभिन्न एजेन्सीमा संसारभरिका मुलुकहरुको एउटा सन्तुलित प्रतिनिधित्व समयको पनि माग हो । संयुक्त राष्ट्रसंघमा सुधारको लागि निकै लामो समयदेखि चर्चा चल्दै आएको छ । तर केही शक्तिशाली सदस्य राष्ट्रहरुको निहित स्वार्थका कारण यसमा परिवर्तन आउन सकिरहेको छैन । वर्तमान परिप्रेक्ष्यमा सुरक्षा परिषदको संरचनामा परिवर्तन आउनुपर्ने मागका पछाडी समता र न्यायको भन्दा पनि पुरानो ढाँचालाई पुरातन र अप्रासंगिक मान्नेको जमात ठुलो संख्यामा हुनु हो ।

संयुक्त राष्ट्र संघको स्थापना हुँदा यसको सदस्य संख्या ५१ मात्रै थियो । त्यतिबेला अमेरिका, सोभियत संघ, बेलायत, फ्रान्स र चीनलाई भिटो पाँवरयुक्त देश घोषित गरी सुरक्षा परिषदको गठन गरियो । वर्तमान अवस्थामा यसको सदस्य राष्ट्रहरुको संख्या २ सयको हाराहारीमा पुगेको छ । यस्तो अवस्थामा पनि सुरक्षा परिषदको ढाँचामा परिवर्तन नहुनु दुर्भाग्यपूर्ण हो ।

वर्तमान अवस्थामा प्रत्येक राष्ट्र सम्प्रभुता सम्पन्न रुपमा रहेको छ । यस दृष्टिकोणले समानताको सवालमा प्रत्येक राष्ट्रले सुरक्षा परिषदको सदस्यता हासिल गर्ने अधिकार पाएको छ । शीतयुद्धको समाप्ति र सोभियत संघको विघटन पश्चात विश्व एक ध्रुवीय हुन गएको छ । अहिले भूमण्डीकरण तीव्र गतिमा बढेको छ । सूचना र संचार क्रान्तिले ठुलो फड्को मारेको छ । आर्थिक वर्चस्व कायम गर्नका लागि नयाँ अन्तर्राष्ट्रिय मञ्च शक्तिशाली भएर देखा परिरहेका छन् । भारत अहिले विश्वको उदाउँदो आर्थिक शक्ति राष्ट्रको रुपमा चर्चित छ । अहिले नै विश्वको पाँचौ ठुलो अर्थ व्यवस्था बनेको भारत चाँडै नै तेस्रो र दोस्रो स्थानमा पनि पुग्नेछ । सूचना र प्रविधिको क्षेत्रमा पनि यसले उल्लेखनीय प्रगति गरेको छ । आणविक शक्ति सम्पन्न भारतले अहिले सम्म गरेका ठुला-ठुला अनुसन्धान र प्रयोगहरु गोप्य तथा जवाफदेहीपूर्ण रहेका छन् । एक सय ३४ करोड जनसंख्या भएको र विश्वको सबैभन्दा लोकतन्त्रवादी देश भारत समय-समयमा आफ्नो जवाफदेहिताको प्रदर्शन गर्दै आएको छ । त्यसबाहेक संयुक्त राष्ट्रसंघको आह्वानमा खट्दै आएका यसका शान्ति सेनाको भूमिका पनि सराहनीय रही आएको छ । हुनत संयुक्त राष्ट्रसंघको वार्षिक अनुदानको २० प्रतिशत भाग सहयोग गर्दै आएको जापानको दाबेदारी पनि रही आएको छ ।

तर दोस्रो विश्वयुद्धमा जापान र जर्मनीलाई शत्रु पक्षको रुपमा घोषित गरेका अहिलेका स्थायी सदस्यहरु आफ्नो पुरानो ईर्ष्या र पूर्वग्रहलाई सजिलै त्याग गर्लान यसको अपेक्षा गर्न सकिन्छ । भारतको हकमा भने त्यस्तो छैन । विश्व अर्थ व्यवस्थामा अनेकौं गुणा बिस्तार भएको देखिए पनि विकासशील र कम विकसित देशको अर्थ व्यवस्था अझ पनि चिन्ताकै विषय रहेको छ । एक तथ्यांक अनुसार विश्वका मात्रै एकअर्ब मानिस भयंकर गरिबीको सामना गरिरहेका छन् । आज पनि अफ्रिकामा अधिकांश जनता गरिबी, कुपोषण तथा रोगबाट ग्रसित छन् । यिनै कारणले गर्दा संयुक्त राष्ट्रसंघीय औद्योगिक विकास संगठन (युनिडो) जस्ता विशिष्ट एजेन्सीमा धेरै काम हुनुपर्ने आवश्यकता देखिन्छ । यद्यपी युनिडोले अत्यन्त पिछडिएका देशमा सफलतापूर्वक आफ्नो कामको थालनी गरेको छ तर पनि यस क्षेत्रमा धेरै काम गर्नुपर्नेछ । संयुक्त राष्ट्रसंघले यस क्षेत्रमा पनि आफ्नो ध्यान केन्द्रित गर्नु पर्नेछ । भारतले एशिया र अफ्रिकाका गरिब देशहको भावना र चाहनालाई पनि राम्ररी बुझेका कारण यस दिशामा प्रभावकारी भूमिकाको निर्वाह गर्न सक्दछ । विश्व व्यापार संगठन जस्ता संस्थाबाट पनि गरिब र विकासशील राष्ट्रहरुका लागि लाभ पुग्न सक्ने किसिमको काम हुन सकिरहेको छैन । बढ्दो प्रदुषण पनि अहिले एउटा गम्भीर समस्याको रुपमा देखापरेको छ । जलवायु परिवर्तनले विकासशील विश्वका लागि विशेष जोखिम खडा गर्ने गरेको छ, जहाँ मुलुकहरु आफ्नो दायित्व पुरा गर्न नसक्ने अवस्थामा पुग्न सक्छन् । भारत भने यस्ता देशहरुको पनि आवाज बन्न सक्दछ ।

बदलिँदो परिस्थितीमा सुरक्षा परिषदलाई अझ बढी प्रभावकारी बनाइनु आवश्यक भइसकेकोले सुरक्षा परिषदसहित पुरै संयुक्त राष्ट्रमा सुधारको आवश्यकता सहित समकालिन यथार्थलाई प्रतिबिम्बित गर्ने उद्देश्यले यसलाई सान्दर्भिक र उत्तरदायी एवं सक्षम बनाइनु आवश्यक छ । संयुक्त राष्ट्रसंघको भूमिकालाई प्रभावकारी एवं सबैका निम्ति स्वीकार्य बनाउन पनि यसको ढाँचामा खासगरी सुरक्षा परिषदको ढाँचामा सुधार आवश्यक देखिन्छ । संयुक्त राष्ट्रसंघका महासचिव एण्टोनियो गुटेरसले पनि भारत जस्ता देश संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको स्थायी सदस्य हुनुपर्ने पक्षमा आफ्नो धारणा राखीसकेका छन् ।

ब्रिटेन अमेरिका, फ्रान्स र रुसका राष्ट्रपति तथा प्रधानमन्त्रीहरुले पनि समय-समयमा भारतको प्रतिनिधित्वको आवश्यकता महसुस गरिसकेका छन् र भारतलाई आफ्नो समर्थन व्यक्त गर्दै आएका छन् । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदलाई समयानुकुल र विश्वको बदलिदो चाहना एवं भावना अनुसार बिस्तार गर्नु आवश्यक छ, अन्यथा यसले आफ्नो सान्दर्भिकता पनि गुमाउन पुग्नेछ ।



श्रीमन नारायण

*संयुक्त राष्ट्रसंघ तथा यसका विभिन्न एजेन्सीमा संसारभरिका मुलुकहरुको एउटा सन्तुलित प्रतिनिधित्व समयको पनि माग हो । संयुक्त राष्ट्रसंघमा सुधारको लागि निकै लामो समयदेखि चर्चा चल्दै आएको छ । तर केही शक्तिशाली सदस्य राष्ट्रहरुको निहित स्वार्थका कारण यसमा परिवर्तन आउन सकिरहेको छैन । वर्तमान परिप्रेक्ष्यमा सुरक्षा परिषदको संरचनामा परिवर्तन आउनुपर्ने मागका पछाडी समता र न्यायको भन्दा पनि पुरानो ढाँचालाई पुरातन र अप्रासंगिक मान्नेको जमात ठुलो संख्यामा हुनु हो । संयुक्त राष्ट्र संघको स्थापना हुँदा यसको सदस्य संख्या ५१ मात्रै थियो । त्यतिबेला अमेरिका, सोभियत संघ, बेलायत, फ्रान्स र चीनलाई भिटो पाँवरयुक्त देश घोषित गरी सुरक्षा परिषदको गठन गरियो । वर्तमान अवस्थामा यसको सदस्य राष्ट्रहरुको संख्या २ सयको हाराहारीमा पुगेको छ । यस्तो अवस्थामा पनि सुरक्षा परिषदको ढाँचामा परिवर्तन नहुनु दुर्भाग्यपूर्ण हो ।*

# बिर्सिएका औषधिहरु



डा अरुणा उप्रेती

बुढापाकाहरूले यसलाई अरू घाँसपातसँगै मिसाएर गाईलाई खुवाउँछन्। यसले गर्दा दूध उत्पादन बढ्छ। युरोपतिर चरिअमिलोलाई सलादमा हालेर खाएको पनि देखिएको छ। सानो छँदा खुब भाँडा-कुटी खेलिन्थ्यो। ठुला मानिसको देखासिकी गर्दै भोज पनि हुन्थ्यो। भाँडा-कुटी खेल्दा गरिने भोजमा एउटा व्यञ्जन चरिअमिलोको पात हुन्थ्यो। त्यो पात कहिले दाल, भात, तरकारी त कहिले अचार भन्दै खाने गर्थ्यौं। त्यो बालापनले जे सिकायो त्यही गरियो तर त्यसको महत्त्व थाहा थिएन । अमिलो रस हुने चरिअमिलो एउटा औषधिय गुणयुक्त वनस्पति पो रहेछ। यसको वैज्ञानिक नाम भने 'अक्जालिस कोनिक्युलेटा' हो। चरिमिलो ठुलो र सानो गरी दुई खालको हुन्छ। यसमा क्यारोटिन, क्याल्सियम, अक्जेलिक अम्ल र भिटामिन 'सी' जस्ता पोषकतत्व पाइन्छन् ।

चरिअमिलोमा रहेको भिटामिन 'सी' ले शरीरमा रोगसँग लड्ने शक्ति दिन्छ। भिटामिन 'सी' शरीरले आफैं उत्पादन गर्न सक्दैन तर हरेक दिन रोगसँग लड्न आवश्यक पर्ने नयाँ कोषहरू बनाउन भने यही आवश्यक पर्छ। सानो छँदा अमला खाएर पानी पिउँदा गुलियो हुन्छ भनेर खुब अमला खाइन्थ्यो। ५० वर्षअघि २५ पैसामा पोल्टाभरि अमला आउँथ्यो। सुकेको अमलाको तितौरा साथीहरूसँग बाँडेर खाँदाको स्वाद नै बेग्लै हुन्थ्यो । पिरो र नुनमा मोलेको अमला खाँदा जुन स्वाद आउँथ्यो, त्यो जिब्रोमा अझै बसेको छ। मलाई याद छ, हजुरआमाले छिमेकका गर्भवती महिलालाई अमलाको तितौरा बनाएर दिनुहुन्थ्यो। बच्चा राम्रो हुन्छ भन्दै दिइने त्यो अमलाले गर्भवतीको शरीरको रोगसँग लड्ने शक्ति बढाउने हुनाले सायद हजुरआमाले त्यो उपहार दिनुभएको होला ।

मलाई खुब मन पर्ने हुनाले नाङ्लोमा सुकाएको तितौरा हजुरआमाको आँखा छलेर आफ्नो घाँगरको गोजीमा हाल्थैं। हजुरआमा भने कौसीमा सुकाएको तितौरा चराले खायो भनेर फतफताउनु हुन्थ्यो। म चाहिँ मेरो चोरी पत्ता लागेन भनेर खुसी हुँदै, गोजीको अमलाको तितौराको रस लिन्थे । आयुर्वेदले अमलालाई अमृतफल भनेर सम्बोधन गरेको छ। यसको वैज्ञ। यसलाई काष्ठौषधि (बोटबिरुवाबाट बनाइने औषधि) र रसौषधि (धातु-खनिजबाट बनाइने औषधि) पनि भनिन्छ ।

सुश्रुत संहिताले अमलालाई शरीरमा भएको विभिन्न खालका दोषलाई मलका रूपमा बाहिर निकाल्न सहयोग गर्ने औषधीय गुण भएको फल भनेर चिनाएको छ ।

अमलामा प्रचुर मात्रामा भिटामिन सी, एमिनो एसिड, मिनरल र न्युट्रियन्स पाइन्छ। यसमा क्याल्सियम, फस्फोरस आइरन, क्यारोटिन, थियामिन आदि पनि पाइन्छ ।

कब्जियत रोक्नका लागि प्रयोग गरिने त्रिफलामा अमला रहेको हुन्छ, तर त्रिफलाको विज्ञापन राम्रा–राम्रा हिरो–हिरोइनले गर्दैनन्। त्यसैले त्रिफलाको महत्त्व कसैले बुझ्दैनन्। कब्जियत हटाउन महँगो औषधिहरूको प्रयोग गरेर खुसी हुने हाम्रो चलन छ। नजिकको तीर्थ हेला भनेको यही हो।

# पुनरुत्थानको बाटोमा पर्यटन

–सिबी अधिकारी

कोरोना महामारीका कारण पछिल्लो दुई वर्ष निकै सुस्ताएको नेपालको पर्यटन क्षेत्र फेरि एकपटक उठ्ने प्रयासमा छ । विदेशी मुद्राआर्जन गर्ने माध्यम समेत रहेको पर्यटन क्षेत्रमा देखिएका पछिल्लो केही तथ्याङ्कले यो पुनरुत्थानको चरणमा रहेको संकेत गरेका छन् । सन् २०२० मा नेपाल भ्रमण वर्ष मनाउने र २० लाख पर्यटक ल्याउने सरकारको योजना कोरोना महामारीका कारण सम्भव हुनसकेन् । यसका कारण सन् २०१९ को तुलनामा २०२० मा विदेशी पर्यटक आगमनको सङ्ख्या ८० प्रतिशतले घटेर दुई लाख ३० हजार ८२ मा सीमित भयो । कोरोना महामारीको असर सन् २०२१ मा पनि देखियो । सन् २०२१ मा अघिल्लो वर्षको तुलनामा पर्यटक आगमनको सङ्ख्या ३४ दशमलव ८७ प्रतिशतले घट्यो भने सन् २०१९ को तुलनामा ८७ प्रतिशतले घटेको थियो । यद्यपि सन् २०२२ को ११ महिनामा नेपाल आएका पर्यटकको सङ्ख्या हेर्ने हो भने यसमा सुधार देखिएको छ । सन् २०२१ को तुलनामा यस वर्षको नोभेम्बरसम्म २६६ प्रतिशतले पर्यटक आगमन बढेको छ ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने सन् २०२० मा आएका पर्यटकको सङ्ख्या हेर्दा पर्यटन क्षेत्र पुनरुत्थानको बाटोमा रहेको भन्न सकिने तर्क गर्नुहुन्छ । "तथ्याङ्क हेर्दा पर्यटक आगमन सुधारको दिशामा छ, यो आगमनको आँकडाले पुनरुत्थानको सङ्केत गर्छ",उहाँले भन्नुभयो । ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष निलहरि बाँस्तोला विदेशी पर्यटक आगमन, नेपालमा औसत बसाइँ अवधि र प्रतिदिन औसत खर्च पनि बढेको बताउनुहुन्छ । "सन् २०२२ मा पर्यटकको सङ्ख्या बढेको छ तर लक्ष्य हासिलका लागि हालको पर्यटन प्रवर्द्धन रणनीतिमा सुधार गर्दै प्रभावकारी प्रचारप्रसारमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो । होटल सङ्घ नेपाल (हान)का प्रथम उपाध्यक्ष विनायक शाह पछिल्लो समय पर्यटक आगमन बढेको र नेपालमा पनि पर्यटन क्षेत्रमा लगानी बढिरहेको बताउनुहुन्छ । "पर्यटक आगमन आगामी दिनमा अझै बढ्ने देखिन्छ, त्यसैले होटललगायतका पर्यटकीय पूर्वाधारमा पनि उल्लेख्य मात्रामा लगानी बढिरहेको छ", उहाँले भन्नुभयो, "आजका दिनमा नेपालमा वार्षिक २५ लाखभन्दा बढी पर्यटकलाई सेवा दिनसक्ने होटल पूर्वाधार बनिसकेका छन् ।" उहाँका अनुसार होटलमा स्वदेशी र विदेशी लगानी बढिरहेको छ भने हाल सञ्चालनमा रहेका होटलमा ५० हजारभन्दा बढी शय्या छन् । नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष रमेश थापाले विभिन्न चुनौतीका बाबजुद पनि पर्यटक आगमन सकारात्मक देखिएको भन्दै यसले पर्यटन पुनरुत्थानमा मद्दत पुग्ने बताउनुभयो ।

"विदेशी पर्यटक बढाउन प्रमुख विषय कनेक्टिभिटी हो, यसका लागि स्वदेशी र विदेशी जहाजको उडान सङ्ख्या बढाउनुपर्छ", उहाँले भन्नुभयो, "राष्ट्रिय ध्वजाबाहक जहाजलाई सबल बनाउँदै हवाई भाडादर पनि सस्तो बनाउनुर्छ ।"विशेषगरी छिमेकीमूलुक भारत र चीनमा मात्रै प्रभावकारी प्रचारप्रसार गर्न सक्ने हो भने नेपालमा लक्ष्यअनुसार विदेशी पर्यटक ल्याउन सकिने पर्यटनविज्ञ बताउँछन् । नेपालमा आउने कूल पर्यटकमा भारत र चीनका पर्यटकको हिस्सा र क्रमशः पहिलो र दोस्रो स्थानमा छ । तथ्याङ्कअनुसार भारतबाट प्रत्येक वर्ष करिब ८० लाख पर्यटक र चीनबाट प्रत्येक वर्ष १५ करोडभन्दा बढी पर्यटक विश्वका विभिन्न देशमा घुम्न निस्कने गरेका छन् । यसमध्ये दुई प्रतिशत पर्यटक मात्रै नेपाल ल्याउन सक्ने हो भने ३० लाखभन्दा बढी पर्यटक प्रत्येक वर्ष नेपाल आउने विज्ञहरुको भनाइ छ ।

**नेपाल भ्रमण दशक**

कोरोना महामारीका कारण स्थगित भएको नेपाल भ्रमण वर्ष २०२० मा पर्यटक आगमनको सङ्ख्या न्यून मात्रै भयो । यसले नेपालको पर्यटक विकासको गतिलाई सुस्त बनायो । यसैबीच सरकारले सन् २०२३ देखि २०३३ सम्मलाई नेपाल भ्रमण दशकका रुपमा मनाउने योजना अनुरुप नेपाल पर्यटन दशकको रणनीतिक कार्ययोजना सार्वजनिक गरेको छ ।संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले शुक्रबार पत्रकार सम्मेलन गरी दश वर्षे कार्ययोजनाको प्रस्तावित कार्यक्रमबारे जानकागरी दिनुभएको हो । कोभिड महामारीबाट प्रभावित बनेको पर्यटन क्षेत्रको दीर्घकालीन सोचसहितको पुनरुत्थान आवश्यक भएकाले पर्यटन दशकको अवधारणा ल्याइएको बताउँदै मन्त्री श्रेष्ठले यस कार्यक्रमबाट विश्वपर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । सरकारले पर्यटन क्षेत्रको पुनरुत्थान योजनाअन्तर्गत नेपाल पर्यटन दशक (२०२३-२०३२) को रणनीतिक कार्ययोजना तयार गरेको हो ।

कार्ययोजनामा सन् २०३२ सम्ममा ३५ लाख विदेशी पर्यटक पुऱ्याउने लक्ष्य लिइएको छ भने सोही अवधिमा पर्यटन क्षेत्रमा थप १० लाख नयाँ रोजगारी सिर्जना गर्ने योजना छ । दशक कार्ययोजनाअन्तर्गत देशैभरी बहुपक्षीय पूर्वाधारको विकास गर्ने, पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्म पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुऱ्याउने लक्ष्य लिइएको छ । कोभिड-१९ महामारीबाट थलिएको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्ममा पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुऱ्याउने र तत्पश्चात् पर्यटन आगमन प्रतिवर्ष १५ प्रतिशतको वृद्धि गरी वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको छ । यसका साथै प्रतिपर्यटक प्रतिनिधिन खर्च ४८ अमेरिकी डलरबाट एक सय २५ पुऱ्याउनुका साथै देशको कूल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदानलाई १० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य छ । पर्यटनमन्त्री श्रेष्ठले गत साउनमा ७४ बुँदे कार्ययोजना सार्वजनिक गर्दै नेपाल भ्रमण दशकको अवधारणा ल्याउनुभएको थियो ।

मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि नेपाल भ्रमण दशकमार्फत् धेरैभन्दा धेरै विदेशी पर्यटक ल्याउने लक्ष्यसहित योजना ल्याइएको थियो । मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजेन्द्रकुमार केसीले पर्यटन पुनरुत्थानको कार्ययोजना अन्तर्गत नेपाल भ्रमण दशक कार्यक्रमको कार्यविधि बनाउने चरणमा रहेको बताउनुभयो । "नेपाल भ्रमण दशक मनाउने गरी सरकारले सैद्धान्तिक स्वीकृति दिएको हो । सोही बमोजिम मन्त्रालयले कार्यविधि बनाउन छलफल गरिरहेको छ", उहाँले भन्नुभयो । कार्यविधि बनाएपछि कार्यान्वयनको पाटो कस्तो हुने र कुन विधि अपनाउनेभन्नेबारे छिट्टै टुङ्गो लगाइने उहाँको भनाइ छ ।

**आम्दानीमा पनि सुधार**

विदेशी मुद्राआर्जन गर्ने माध्यमका रुपमा पर्यटन क्षेत्रलाई पनि लिइन्छ । यद्यपि पर्यटकीय दृष्टिले महत्वपूर्ण गन्तव्य हुँदा पनि नेपालले अपेक्षाकृत डलर आम्दानी भने गर्न सकेको छैन । पर्यटकीय पूर्वाधारमा कमी, 'कनेक्टिभिटी'को अभाव तथा प्रचारप्रचारमा भएको कमीले लक्ष्यअनुसारको आम्दानी भने हुनसकेको छैन । नेपाल राष्ट्र बैंकका अनुसार चालु आवको चार (साउनदेखि कात्तिक) महिनामा नेपालले पर्यटन क्षेत्रबाट रु १७ अर्ब ९५ करोड ९० लाख ६० हजार आम्दानी गरेको छ । जुन गत आवको चार महिनाको तुलनामा १३६ दशमलव ९४ प्रतिशतले बढी हो । गत आवको चार महिनामा नेपालले पर्यटन क्षेत्रबाट रु सात अर्ब ५७ करोड ९० लाख ५० हजार आम्दानी गरेको थियो । राष्ट्र बैंकका अनुसार नेपालले कोरोना महामारीका कारण लकडाउन भएको आव २०७७/७८ को चार महिनामा एक अर्ब ८८ करोड ८० लाख ३० हजार मात्रै आम्दानी गरेको थियो । जबकी विश्वमा कोरोना सङ्क्रमण पुष्टि हुनुभन्दा अघि अर्थात् आव २०७६/७७ को चार महिनामा २७ अर्ब १४ करोड ३० लाख २० हजार आम्दानी भएको थियो । आव २०७६/७७ को चार महिनाको तुलनामा आव २०७९/८० को सोही अवधिमा पर्यटन क्षेत्रबाट भएको आम्दानी ६६ प्रतिशतले रिकभर भएको देखिन्छ ।

**औसत बसाइँमा सुधार**

नेपाल भित्रिने विदेशी पर्यटकको औसत बसाइँ १५ दिन रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तथ्याङ्क छ । पछिल्लो पाँच वर्षमा पर्यटकको बसाइँ औसत दिन क्रमशः बढिरहेको छ । मन्त्रालयले प्रकाशन गरेको 'टुरिज्म इस्टास्टिक्स-२०२१' अनुसार सन् २०२१ मा विदेशी पर्यटकको औसत बसाइँ १५.५ दिन थियो भने सन् २०२० मा १५.१ सरदर बसाइँ थियो । त्यस्तै सन् २०१९ मा १२.७ दिन, सन् २०१८ मा १२.४ दिन रसन् २०१७ मा १२.६ सरदर बसाइँ थियो ।

**बढ्दो कनेक्टिभिटी**

कोरोना महामारी सुरु हुनुअघि नेपाल भित्रनका लागि एउटा मात्रै अन्तर्राष्ट्रिय विमानस्थल थियो । त्यसबाहेक केही पर्यटक भारतीय सिमाबाट स्थलगत मार्ग हुँदै नेपाल आउने गरेका थिए । तर यतिबेला भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ भने आगामी पुस १७ गते पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको तयारीमा छ । यसअघि काठमाडौंस्थित त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलसँग वार्षिक ९२ लाख यात्रुलाई सेवा दिने रहेकोमा दुई नयाँ विमानस्थल सञ्चालनमा आएसँगै यात्रु क्षमता थप २० लाखले बढेको छ । भैरहवास्थित विमानस्थलको वार्षिक ३५ लाख यात्रुलाई सेवा दिने क्षमता छ भने पोखरास्थित विमानस्थलले वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

**७५ प्रतिशत 'रिकभर'को प्रक्षेपण**

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०२२ मा पर्यटक आगमन सन् २०१९ को तुलनामा ७५ प्रतिशतले रिकभर गर्ने लक्ष्य लिएको बताउनुभयो । यद्यपि उक्त लक्ष्य पूरा हुनेमा कठिन देखिन्छ । सन् २०२२ को ११ महिनामा पाँच लाख ४९ हजार पर्यटक आएका छन् जबकी सन् २०१९ मा ११ लाख ९७ हजारभन्दा बढी पर्यटक नेपाल आएका थिए । बोर्डले लिएको लक्ष्य अनुसार ७५ प्रतिशतको 'रिकभर' हुनका लागि नेपालमा सन् २०२२ मा नौ लाख पर्यटक आउनुपर्छ । जबकी डिसेम्बर महिनामा मात्रै तीन लाख ५० हजार पर्यटक आउनुपर्छ । जुन औसत तथ्याङ्क हेर्दा कठिन देखिन्छ ।

**पञ्चवर्षीयको लक्ष्य पूरा कठिन**

हाल १५औं पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनमा छ । पञ्चवर्षीय योजना आव २०७६/७७ मा सुरु भई २०८०/८१ मा पूरा हुन्छ । पञ्चवर्षीय योजना अवधिमा सरकारले नेपालमा विदेशी पर्यटक आगमन वार्षिक ३५ लाख पुऱ्याउने र प्रतिपर्यटक औसत खर्च ४८ बाट बढाएर १०० डलर बनाउने योजना उल्लेख गरेको थियो । जुन कोरोना महामारीलगायतका कारणले पूरा कठीन देखिन्छ । साथै कूल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान दुई दशमलव सात प्रतिशतबाट बढाएर १० प्रतिशत बनाउने लक्ष्य पनि पूरा हुन कठीन देखिन्छ । यद्यपि पर्यटकको औसत बसाइँ १५ दिन बनाउने लक्ष्य भने पूरा भइसकेको छ ।

# शीतलहर र हिमपातबाट जोगिन मन्त्रालयको आग्रह

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शीतलहर र हिमपातको जोखिमबाट बच्न आग्रह गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी केही समययता चिसोसँगै शीतलहर र हिमपातले जनजीवनमा असर पार्ने भएकाले त्यसबाट बच्न आग्रह गरिएको जानकारी दिनुहुन्छ ।

काठमाडौँमा आज यस वर्षकै सबैभन्दा बढी चिसो मापन गरिएको छ । यहाँको न्यूनतम तापक्रम आज चार दशमलव पाँच डिग्री सेल्सियस मापन गरिएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

चिसोबाट बच्न शरीरको सबै भाग ढाक्नेगरी बाक्लो तथा न्यायो लुगा लगाउन, कोठा न्यानो पार्न र पर्याप्त हावा ओहोरोदोहरो हुने व्यवस्था गर्न मन्त्रालयले आग्रह गरेको छ । शीतलहर र हिमपातबाट बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीलाई बचाउनुपर्दछ ।

यस्तै आमाको दूध खाने बच्चालाई नियमितरुपमा स्तनपान गराउन, तातो तथा पोषिलो झोल पदार्थ प्रशस्तमात्रामा सेवन गराउन र धुमपान तथा मध्यपान नगर्न मन्त्रालयको आग्रह छ ।

शीतलहर तथा चिसोमा मुटु रोग, हृदयघात, फोक्सो तथा श्वासप्रश्वासमा समस्या, बालबालिका तथा ज्येष्ठ नागरिकमा निमोनिया, ज्वरो आउने, झाडापखला लाग्ने, दम बढ्ने, रुघाखोकी, घ्यारघ्यार, श्वास फेर्न कठिनाइ हुनेजस्ता समस्या देखिने गर्दछन् ।

मन्त्रालयले यस्ता समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य सङ्ख्यामा सम्पर्क गर्न अनुरोध गर्दै सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला, ब्रिकेट, आदि बाली झ्याल ढोकाबन्द गरेर नसुत्नसमेते आग्रह गरेको छ ।रासस

# प्रदेश प्रमुख शर्माद्वारा क्रिसमसको शुभकामना

मकवानपुर । बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले इसाई धर्मावलम्बीको महत्वपूर्ण पर्व 'क्रिसमस डे'का अवसरमा शुभकामना सन्देश व्यक्त गर्नुभएको छ ।

प्रदेशप्रमुख शर्माले एक प्रेस विज्ञप्ति जारी गर्नुहुँदै यस पर्वले हामीबीचको एकता सुदृढ गर्न, सामाजिक सद्भाव अभिवृद्धि गर्न र धार्मिक सहिष्णुता कायम राख्न हामी सबैलाई प्रेरणा मिलोस् भन्ने कामना गर्नुहुँदै शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले आफ्नो शुभकामना सन्देशमा संवैधानिक व्यवस्थाअनुसार नेपाल धर्मनिरपेक्ष राज्य भएको भन्दै सनातनदेखि चलिआएको धर्म, संस्कृतिको संरक्षण, धार्मिक सांस्कृतिक स्वतन्त्रताको अनुसरण (उपयोग) हाम्रो मौलिक अधिकार रहेको उल्लेख गर्नुभएको छ ।

उहाँले पर्वका अवसरमा इसाई धर्मावलम्बीका साथै बागमती प्रदेशवासी एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ-दिदीबहिनीमा सुख, शान्ति र प्रगतिका लागि कामना गर्नुभएको छ ।रासस

# प्रतिनिधिसभामा विविधताको प्रतिनिधित्व



काठमाण्डु । नवनिर्वाचित प्रतिनिधिसभा सदस्यको शपथग्रहण समारोहमा देखिएको विविधतायुक्त उपस्थितिले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकको झझल्को प्रस्तुत गरेको छ ।

प्रतिनिधिसभाका दुई सय ७५ सदस्यमध्ये हिमालदेखि तराई मधेससम्मका आ-आफ्नै मौलिक जातीय पहिरनमा सजिएर आएका २६ जनाले १४ मातृभाषामा शपथ लिइरहँदा चार जात छत्तीस वर्णको फूलबारीकै भान भएको थियो । त्यसो त अघिल्लो प्रतिनिधिसभाका ४६ सदस्यले पनि ११ मातृभाषामा शपथ लिनुभएको थियो ।

विविधताबीचको एकता, सामाजिक-सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावाई संरक्षण एवं प्रवर्द्धनका साथ वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद अन्त्य गर्दै समानुपातिक समावेशी सिद्धान्तलाई आत्मसात गर्ने प्रतिबद्धताका साथ जारी भएको संविधानले उक्त अवसर जुटाइदिएको हो ।

जुम्लाकी विनिता कठायत, भोजपुरकी दुर्गा राई, पर्साका प्रदीपकुमार यादव, मोरङकी सोनु मूर्मू, सुनसरीका अशोककुमार चौधरी, धादिङका बिना लामा, चितवनका कल्पना मियाँलगायत नवनिर्वाचित सदस्य आ-आफ्नो जातीय वेशभूषासहित सदनमा आएर मातृभाषामा शपथ लिनुभएको हो ।

उहाँहरूले आ-आफ्नो क्षेत्र र समुदायबीचमा सीमित वेशभूषा र भाषा नेपाली जनताको सार्वभौमसत्ता सम्पन्न सर्वोच्च निकाय संसद्मा आएर देखाउन र सुनाउन पाएकामा गौरवको अनुभव भएको भनी खुसी व्यक्त गर्नुभयो । धनुषाबाट प्रतिनिधित्व गर्ने जनमत पार्टीका सांसद अनिता साह भन्नुहुन्छ, "हाम्रो क्षेत्रको पहिरन, बोलीचाली, भाषा बेग्लै छ, त्यस्तालाई राष्ट्रियस्तरमा ल्याएर सबैले हेर्न, सुन्न र देख्न पाउने अवसर मिल्यो, राष्ट्रिय सञ्चारमाध्यमले सबैलाई यो दृश्य देखाइदियो ।" उहाँले अरुका पहिरन र भाषा हामीले देख्यौँ, हाम्रो अरुले देख्न र सुन्न पाउनुभयो यो निकै खुसीको कुरा हो भन्नुभयो । निर्वाचनबाट गठन हुने राज्यका सबै तहमा नेपालको संविधानले आत्मसात गरेको समानुपातिक समावेशी सिद्धान्तले विविधतायुक्त प्रतिनिधित्वको सुनिश्चिता प्रदान गरेको छ ।

यसबाट हाम्रा राष्ट्रिय गानका श्रष्टा व्याकुल माइलाको परिकल्पना 'सयौँ थुङ्गा फूलका हामी एउटै माला नेपाली, सर्वभौम भई फैलिएका मेची-महाकाली' भनेझैँ हाम्रो प्रतिनिधिसभा सप्तरङ्गी बन्न पुगेको छ ।

यसैबीच सदनमा ३३ प्रतिशत महिला प्रतिनिधिसहित समाजका विभिन्न क्षेत्र तथा तह र तप्कालाई समेट्ने उद्देश्यले आत्मसात गरिएको समानुपातिक निर्वाचन प्रणालीको अभ्यासमा भने प्रारम्भदेखि नै प्रश्न उठ्दै आएको छ । संविधान निर्माणका बेला समानुपातिकमात्र लेखेर हुन्न पूर्ण समानुपातिक चाहिन्छ भन्ने दल र व्यक्तिबाटै पनि अहिले यो प्रणालीको दुरुपयोग भएको भनी आलोचनात्मक प्रतिक्रिया आएको पाइएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ । हाल प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) र समानुपातिक निर्वाचन दुवै प्रणाली अवलम्बन गरिएको छ । मुलुकमा भएका पछिल्ला निर्वाचन अभ्यासमा प्रत्यक्षतर्फ पुरुष र समानुपातिकतर्फ महिला भन्ने देखाएको छ । यसो हुनुमा निर्वाचन प्रणालीको दोष नभई राजनीतिक दलबाट उम्मेदवार छनोटप्रतिको बुझाइमा त्रुटि रहेको राजनीतिक दलका नेताहरू नै बताउनुहुन्छ ।

प्रतिनिधिसभा सदस्यको मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा यसपटक प्रत्यक्षतर्फ नौ महिला सदस्यले आफ्ना बलिया प्रतिस्पर्धीलाई पराजित गरी विजयी हुनुभएको छ । प्रत्यक्षतर्फ महिला उम्मेदवार छनोटलाई ठूला दल भनिएकैबाट पनि कन्जुस्याइँ गर्ने प्रवृत्तिले प्रत्यक्ष पुरुष तथा समानुपातिक निर्वाचन प्रणाली महिलाको भन्ने भान हुन पुगेको छ ।

जनआन्दोलन २०६२/६३ को उपलब्धिका रूपमा दलहरूबीच सहमति भई यो निर्वाचन प्रणाली अपनाउने सुनिश्चिता गरिएको थियो । समानुपातिक निर्वाचन रुपान्तरणकारी र अग्रगामी भएको जनाउँदै दलहरूले यस प्रणाली अपनाउँदा निर्वाचनलाई खर्चिलो र भड्किलो हुनबाट रोक्ने विश्वास गरिएकामा पछिल्ला समयमा उम्मेदवार छनोटमै आफन्त र पैसाको मोलतोलमा परेको भनी गुनासो गरिएको छ ।

समानुपातिक निर्वाचन प्रणाली अपनाउँदा राजनीतिक दल विशेषले भोट प्राप्त गर्ने भएकाले व्यक्ति विशेषको खर्च नहुने मात्र नभई कसैको प्रभाव र दबाब नपर्ने धारणा राखिएको थियो । त्यसो त प्रत्यक्ष निर्वाचनबाट चुनिएर आएका तुलनामा समानुपातिकबाट चुनिएर आएका सांसदले आफूलाई दुई नम्बरको व्यवहार भएको भनी गुनासो गर्दै आएको पनि सुनिएको छ ।

पछिल्ला निर्वाचनको नतिजाले एकाधबाहेक प्रत्यक्षतर्फ पुरुष र त्यस्तै समानुपातिकतर्फ महिला बन्न पुगेको छ । जनताले नपत्याएका तथा कहिलै चुनाव नजित्ने नेतृत्वको प्रभावमा मात्र त्यो प्रणालीमा अटाउन थालेको गुनासो यत्रतत्र सुनिएको छ ।

समानुपातिक प्रणालीबाटै भए पनि सोनु मूर्मू (सन्थाल) विनिताकुमारी सिंह, छिरिङ लामा, बिना लामा, प्रदीपकुमार यादव, विनिता कठायत, कल्पना मियाँ, अशोककुमार चौधरी, दुर्गा राईलगायतको उपस्थितिले प्रतिनिधिसभालाई रङ्गीचङ्गी तुल्याएको छ । उहाँहरूमध्ये कतिपय लामो राजनीतिक जीवनयात्रा पार गरेर यहाँ आइपुग्नुभएको छ भने केही व्यक्तित्वको प्रभावले सदनमा प्रवेश पाउनुभएको हो ।

नवप्रवेशी सांसदले कानुन निर्माणका अतिरिक्त स्वास्थ्य, शिक्षा, रोजगारी, सुशासन र जनजीविकाका प्रश्नलाई प्रभावकार ीरूपमा उठाएर इतिहास रच्ने प्रतिबद्धता जाहेर गर्नुभएको छ । संविधानमा लेखिएका मौलिक हक अधिकारका विषय कानुन बनाएर कार्यान्वयन गर्नेमा आफूहरूको जोडबल रहने उहाँहरूले प्रतिक्रिया दिनुभएको छ ।रासस

# परिस्थितिको सूक्ष्म अध्ययन गरी अगाडि बढ्ने समाजवादीको निर्णय

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)ले एक्कासि विकसित मुलुकको राजनीतिक परिस्थितिको अध्ययन गरी देश, जनता र पार्टीको हितलाई सर्वोपरि ध्यानमा राखेर अगाडि बढ्ने निर्णय गरेको छ ।

एकीकृत समाजवादीको आज बसेको केन्द्रीय सचिवालयको बैठकले पछिल्लो विकसित राजनीतिक घटनाक्रमलाई गम्भीरतापूर्वक छलफल गरी उक्त निर्णय गरेको महासचिव डा बेदुराम भुसालले जानकारी दिनुभयो । बैठक पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बसेको हो ।रासस

# एमालेवाट के बन्छ राष्ट्रपति ?



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमाले र नेकपा माओवादी केन्द्र सहितको नयाँ समिकरण बनेर पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री हुने निश्चित भएपछि राष्ट्रपति को बन्लान् भन्ने चासो बढेको छ।

प्रधानमन्त्री पद माओवादीलाई दिएपछि एमालेले राष्ट्रपति लिने पक्का जस्तै छ। एमालेकी पूर्वउपाध्यक्ष रहेकी विद्यादेवी भण्डारी अहिले राष्ट्रपति छन्। यो उनको दोस्रो कार्यकाल हो।

भण्डारीको राष्ट्रपतिमा निरन्तरताको सम्भावना भने छैन। संविधानको धारा ६४ ले दुई कार्यकाल राष्ट्रपति भएको व्यक्ति फेरि राष्ट्रपति हुन नसक्ने व्यवस्था गरेको छ।

भण्डारी दोहोरिने सम्भवना नभएकाले एमालेमा राष्ट्रपतिका उम्मेदवारको रूपमा उपाध्यक्ष सुवास नेम्वाङको नाममा चर्चामा छ ।

नेम्वाङ आदिवासी जनजाति समुदायको पनि प्रतिनिधित्व गर्छन्। संविधानले राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिंग र समुदायको व्यक्ति हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ।

विगतमा मधेशी समुदायबाट रामवरण यादव राष्ट्रपति भएका थिए भने महिलाबाट विद्यादेवी भण्डारी राष्ट्रपति भैसकेकी छिन्। तर अहिलेसम्म जनजाति समुदायबाट राष्ट्रपति भएका छैनन्। सुवास नेम्वाङ त्यसैले पनि राष्ट्रपतिका बलियो दाबेदार हुन सक्छन् । राष्ट्रपतिका लागि नेम्वाङको राजनीतिक प्रोफाइल पनि बलियो छ। २०४८ सालदेखि २०५२ सालसम्म राष्ट्रिय सभा सदस्य बनेका थिए। उनी २०५१ सालमा न्याय कानुन तथा संसदीय राज्यमन्त्री बनेका थिए भने पछि कानुन मन्त्री बनेका थिए।

उनले सामान्य प्रशासन देखि स्थानीय विकाससम्मका मन्त्रालय सम्हालेका थिए। २०५६ सालमा प्रतिनिधि सभामा इलामबाट निर्वाचित हुनु अघिसम्म पनि उनी राष्ट्रिय सभामा सदस्य थिए। निर्वाचन जितेका नेम्वाङले प्रतिनिधि सभाको लेखा समितिको सभापतिको रुपमा २०५६ सालमा काम गरेका थिए।

२०६३ सालमा नेम्वाङ पुनःस्थापित प्रतिनिधि सभाका सभामुख बनेका थिए। त्यसपछि उनी २०६४ मा इलामबाट निर्वाचित भएका थिए। लगत्तै उनी संविधानसभाको अध्यक्षमा निर्वाचित भएका थिए। २०७० सालको निर्वाचनमा समेत विजयी भएपछि नेम्वाङ दोश्रो पटक पनि संविधानसभाका अध्यक्ष बनेका थिए।

राजनीतिमा लाग्नु अघि कानुन व्यवसायमा संलग्न रहेका नेम्वाङ वरिष्ठ अधिवक्ता समेत हुन् । दुवै संविधानसभाका अध्यक्ष, सभामुख र कानुनमन्त्री समेत भइसकेका नेम्वाङ यसपटक राष्ट्रपति बन्ने दौडमा छन्।

तर एमालेका एक नेताले भने राष्ट्रपतिबारे अहिले छलफल नभएको बताए। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि अहिलेसम्म राष्ट्रपति को बन्छ भन्नेबारे मुख खोलेका छैनन्। 'राष्ट्रपतिबारे हामी छलफल नै गरेका छैनौं। त्यसैले को हुन्छ भन्ने कुरा पनि सुरू भएको छैन,' उनले भने ।

# कांग्रेसको रणनीति असफल, सरकार बनाउन सकेन्

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसले मुखैमा आएको सत्ता गुमाएको छ। केन्द्रदेखि सातै प्रदेशमा अब कांग्रेसले सरकार बनाउन सक्दैन। कांग्रेसले आलोपालो सरकारको नेतृत्व गर्ने मौखिक सहमति गरे पनि पहिलो कार्यकाल छाड्न नमान्दा सत्ता फुत्किएको छ ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र केही स्वतन्त्र सांसदहरू मिलेर नयाँ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बनाउँदैछन्। २७५ सदस्यीय प्रतिनिधि सभामा बहुमत पुऱ्याएर सरकार बनाउन १३८ सांसद भए पुग्छ। प्रचण्डले १६९ हाराहारी सांसदको समर्थन जुटाइसकेका छन् ।



८९ सांसद रहेको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस भने प्रतिपक्षमा बस्नुपर्ने अवस्था सिर्जना भएको छ। नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि प्रतिपक्षमा बस्ने सम्भावना छ ।

कांग्रेसले प्रधानमन्त्री र राष्ट्रपति आफैँले राख्न खोज्दा उसले सरकारको नेतृत्व गर्ने अवसर गुमाएको हो। आइतबार बालुवाटारमा भएको निर्णायक बैठकमा प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पहिलो कार्यकाल आफूले प्रधानमन्त्री छाड्न नसकिने बताएपछि प्रचण्ड त्यहाँबाट निस्किएका थिए। प्रचण्ड नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगे, त्यहाँ अन्य दलहरूको समेत समर्थन प्रचण्डलाई नयाँ प्रधानमन्त्री बनाउनेमा जुट्यो ।

देउवा पुनः प्रधानमन्त्री हुन खोज्दा सत्ता गुमेको भन्दै कांग्रेसभित्र असन्तुष्टि देखा परेको छ। नेता रामचन्द्र पौडेलले गठबन्धन जोगाउन सभापति देउवा नै इमान्दार नभएको र प्रचण्डलाई धोका दिँदा यो अवस्था सिर्जना भएको प्रतिक्रिया दिएका छन्। 'प्रचण्डले धोका दिएको भन्ने पक्षमा म छैन, प्रचण्डलाई धोका भयो,' पौडेलले भने । कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले गठबन्धन जोगाउन नसकेर नेतृत्वबाट भयंकर गल्ती भएको बताए। 'गठबन्धन जोगाउन जरूरी थियो, देशभरका आधा साथीहरूको भाग खोसेर अरू दललाई उम्मेदवार बन्न दिइएको थियो। माओवादीले सहमति पालना गर्दैनन् भन्ने त थाहा थियो नै तैपनि कांग्रेसले गठबन्धन जोगाउन अधिकतम प्रयास गर्नुपर्थ्यो,' महरले भने ।

उनले निर्वाचन सकिएपछि केन्द्रीय समिति बैठक नबोलाइएको र निर्वाचन समीक्षा पनि नगरिएकोमा असन्तुष्टि पनि जनाएका छन्। 'अरू दललाई कहाँ-कहाँ सिट छाड्ने भन्ने निर्णय गर्दा पनि केन्द्रीय समितिमा छलफल गरिएन। चुनाव पछि समीक्षासमेत गरिएन। कार्यसम्पादन समितिबाट कांग्रेसकै नेतृत्वमा अबको सरकार बनाउने भनेर निर्णय गरिएको थियो त्यो नै गल्ती भयो,' उनले भने, 'पदाधिकारी र कार्यसम्पादन बसेर गरेको निर्णयले गठबन्धन टुट्ने अवस्थामा पुग्यो। यसबारे अबका दिनमा बहस हुन्छ। पदाधिकारी लगायतले जवाफ दिनुपर्छ ।'

अर्का केन्द्रीय सदस्य गोविन्द पोखरेलले प्रधानमन्त्री देउवाको वरिपरि रहेका नेताहरूका कारण अहिलेको अवस्था उत्पन्न भएको बताए। 'एउटा गिरोहले प्रधानमन्त्रीलाई क्याप्चर गरे। बालुवाटारमा सांसदहरू बोलाएर देउवा नै प्रधानमन्त्री हुनुपर्छ भनेर बालहठ गर्न लगाइयो। यसले गर्दा केन्द्र र प्रदेशका सरकार गुम्ने अवस्था आयो,' उनले भने, 'प्रधानमन्त्रीको वरिपरि रहेको सत्ता, शक्ति र राज्यका स्रोत साधनमा रमाउने अराजनीतिक गिरोहले गर्दा देउवामा फेरि पनि प्रधानमन्त्रीको अनावश्यक महत्वकांक्षा बढाइदियो ।'

प्रधानमन्त्री वरिपरि रहेकाहरूले पहिले पार्टी र पछि सत्ता कब्जा गर्न खोजेको आरोप उनको छ। 'गठबन्धन गरेर पार्टीभित्र गुट बलियो बनाउन लाग्ने, राजनीति र आर्थिक शक्ति बलियो बनाउन लाग्ने?,' उनले भने, 'त्यो गिरोहले नसुहाउने किसिमले प्रधानमन्त्रीको महत्वकांक्षा सभापति देउवामा बढाइदियो।' २०७४ सालको चुनावमा कांग्रेसले प्रत्यक्षतर्फ जम्मा २३ सिट जितेको थियो भने कूल ६३ जना सांसद थिए । 'विशेष परिस्थितिमा कांग्रेसलाई अरू दलले सत्ता सुम्पन तयार भएका थिए। अहिले राष्ट्रपति र सभामुख लिएर प्रधानमन्त्री अर्कोलाई छाड्दा केही बिग्रँदैनथ्यो,' उनले भने, 'पार्टीका सांसदहरू मन्त्री हुन्थे। प्रदेशमा मुख्यमन्त्री र मन्त्री हुन्थे भने घोषणा पत्रअनुसार काम गर्न कांग्रेसले सक्थ्यो।' उनले गठबन्धन टुट्न दिने समूह र व्यक्तिबारे समीक्षा गरेर आगामी दिनमा पार्टी रूपान्तरण र जनताका नजिक भएर काम गर्ने अवस्था बनाउनुपर्ने पनि बताए ।

कांग्रेसका एक पदाधिकारीले चुनावअघि नै गठबन्धन गर्नु गल्ती भएको बताए। 'चुनावअघि नै हामीले गठबन्धन गरेर जाने निर्णय गरियो। त्यस्तो संस्कृति नेपालमा थिएन। यसबीचमा कांग्रेसका नेताहरूले सरकार बनाउने प्रयोजनका लागि एमालेसँग पनि छलफल गरिरहे जुन आवश्यक थिएन,' उनले भने, 'सभापति देउवाले पनि पार्टीका साथीहरू मान्नुभएको छैन भनेर प्रधानमन्त्री छाड्न मान्नुभएन तर उहाँले पार्टीमा छलफल नै गर्नुभएको थिएन ।'

सभापति देउवाले नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, नेताहरू विमलेन्द्र निधि, प्रकाशमान सिंह र आरजु देउवालगायतलाई आफ्नो पक्षमा माहौल तयार गर्न प्रचण्ड र केही एमालेका नेताहरूसँग छलफल गर्न पठाएको ती पदाधिकारी बताउँछन्। तर देउवाले पार्टीका दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालाई सरकार गठन सम्बन्धीका छलफलको सुइँकोसमेत दिएका थिएनन् ।

'सभापति देउवाले प्रधानमन्त्री छाड्न पार्टीका साथीहरूले मानेनन् भनेर लगातार प्रचण्डलाई भनिरहनुभयो तर देउवाले सांसदहरूसँग छलफल गर्नुभयो? गर्नुभएन,' ती पदाधिकारीले भने, 'पार्टीले नमानेको भनेर उहाँले कसलाई भन्न खोजेको हो? पदाधिकारी बैठक बोलाइएन। सांसदहरूसँग छलफल गरिएन, राय लिइएन ।' देउवाका वरिपरि रहेका अधिकांश नेता प्रचण्ड प्रधानमन्त्री बनुन् भन्नेमा थिए। तर उनीहरूले यसबारे देउवालाई भने जानकारी नै गराएका थिएनन्। 'प्रचण्डसँग भेट गर्दा देउवाकै वरिपरिका नेताहरू गठबन्धन जोगाउन प्रचण्ड प्रधानमन्त्री हुनुपर्दछ भन्थे। तर त्यो कुरा देउवाका अघि राख्न सक्दैनथे किनकी उपप्रधानलगायत मन्त्री देउवाले दिँदैनन् कि भन्ने डर उनीहरूमा थियो,' ती नेताले भने, 'संसदीय दल वा पार्टी पदाधिकारी बैठक बोलाएको भए त्यहाँ देउवालाई यस्ता कुराहरू सुनाउन सकिन्थ्यो त्यस्ता बैठक नै बसेनन्।'

शनिबार केन्द्रीय सदस्य आरजु राणा देउवाले बालुवाटारमा सांसदहरूलाई बोलाएकी थिइन्। उनले सांसद चन्दा चौधरीमार्फत् केही सांसदलाई बालुवाटार बोलाएकी थिइन्। 'सांसदहरूलाई संसदीय दल वा पार्टीले बालुवाटार बोलाएको थिएन। केन्द्रीय सदस्य आरजुले सांसद भेला गर्नुभएको थियो,' ती नेता भन्छन्, 'बालुवाटारमा त्यसदिन भेला भएका सांसदहरूले देउवाले प्रधानमन्त्री छाड्न हुन्न भनेछन्। त्यही कुरालाई देउवाले साथीहरू मानेका छैनन् भनेर प्रचण्डलाई सुनाएका हुन् ।'

ती पदाधिकारीका अनुसार गठबन्धन जोगाउन नेतृत्व इमान्दार नहुँदा र लोभ गर्दा सत्ता हातबाट फुत्केको हो। यसबारे केन्द्रीय समिति लगायतमा अब छलफल गरिने ती नेताले बताए ।


**श्री धर्म संस्था**

**(रामस्वरुप साह, राम सागर साह)**

**मिल्स एरिया, जनकपुरधाम -१**

**भू बहाल भाडाको लागी खुल्ला बोलपत्र आव्हान सम्बन्धमा**

यस श्री धर्म संस्थाको जनकपुरधाममा रहेका जग्गाहरु भाडामा दिने भएको हुनाले इच्छुक व्यक्तिहरुले सस्थाको लेखाशाखाबाट नगदी टेण्डर फाराम लिई यो सूचना प्रकाशित भएको मितिले (७) सात दिन भित्र कार्यालय खुलेका दिन श्री धर्म संस्था मिल्स एरिया, जनकपुरधाम-१, स्थित मुख्य कार्यालयमा आईपुग्न यो बोलपत्र आह्वान गरिएको छ ।

**शर्तहरू**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालयबाट शःशुल्क लिन सकिने छ ।
२. ठेक्का बन्दोबस्त सबभन्दा बढी रकम कबोल गर्ने लाई दिइने छ ।
३. जनकपुरधामको वार्ड न. २,४,८,९,१३ र १४ को जमिनमात्रै भाडामा दिइनेछ ।
४. फाराममा केर मेट भएको पाइएमा सो फारामले मान्यता पाउने छैन ।
५. भू बहालमा लाग्ने जग्गाको विवरण यस संस्थाको कार्यालयको जग्गाफाँटबाट प्राप्त गर्न सकिनेछ ।
६. यस श्री धर्म संस्थाले निर्धारण गरेको रकम यस प्रकारका छन् ।
   क) मुख्य राजमार्गमा रु २,४०,००० (दुई लाख चालिस हजार मात्र) प्रतिवर्ष प्रतिकठ्ठा
   ख) राजमार्ग छुने गरी रु २,००,००० (दुई लाख मात्र) प्रतिवर्ष प्रतिकठ्ठा
   ग) शाखाबाटोमा रु १,५०,००० (एक लाख पचास हजार मात्र) प्रतिवर्ष प्रतिकठ्ठा

**थपजानकारीको लागि यस श्री धर्म संस्थाको जग्गाफाँटशाखामा सर्म्पक गर्नु पर्नेछ ।**

**सचिव**



इराकी राजधानी बगदादमा बाढीले भरिएको सडकहरु। तस्विर : एएफपी

# बैतडीमा टी–१० क्रिकेट प्रतियोगिता हुने

बैतडी । बैतडीमा आगामी शुक्रबारदेखि टी-१० क्रिकेट प्रतियोगिता हुने भएको छ। उक्त प्रतियोगिता दशरथचन्द नगरपालिका-११ बगलेखानको खेल मैदानमा हुनेछ।

नागार्जुन रणसैनी युवा क्लबद्वारा आयोजना गरिएको १५औं संस्करणको टी-१० क्रिकेट प्रतियोगिताको तयारी पूरा भएको क्लबका बरिष्ठ सल्लाहकार श्यामबहादुर चन्दले जानकारी दिनुभयो। प्रतियोगिताको विजेता टोलीले रु २५ हजार, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजेता टोलीलाई रु १५ हजार प्रदान गरिने आयोजक संस्थाले जनाएको छ । गत संस्करणको टी-१० क्रिकेट प्रतियोगिताको उपाधि कैलपाल क्रिकेट क्लबले जितेको थियो। रासस

# लुम्बिनी अल स्टार विजयी

काठमाण्डु । पहिलो संस्करणको नेपाल टी-ट्वान्टी लिग क्रिकेटअन्तर्गत आइतवार भएको पहिलो खेलमा लुम्बिनी अल स्टार विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा लुम्बिनी विराटनगरलाई दुई रनले पराजित गदै विजयी भएको हो।

लुम्बिनीले दिएको एक सय ५८ रनको लक्ष्य पछ्याएको विराटनगर निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ५५ रनमा समेटियो । विराटनगरका लागि हुसेन तलातले सर्वाधिक २९ रन बनाए भने रोहितकुमार पौडेलले २५ रन बनाए। त्यस्तै सिकन्दर राजाले १७, अर्जुन साउदले १० तथा पृथु बाँस्कोटाले १८ रन बनाए।

यता लुम्बिनीका लागि किशोर महतोले दुई विकेट लिए भने सागर ढकाल, गुलसन झा, दीपेन्द्रसिहं ऐरी र प्याट ब्रोनले समान एक/एक विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा छ विकेट गुमाएर एक सय ५७ रन बनाएको थियो।

लुम्बिनीका लागि लाहिरु मिलन्थाले सर्वाधिक ८० रनको योगदन दिए। उनले ६३ बलमा पाँच चौका र चार छक्काको सहयोगमा अविजित ८० रन बनाएका हुन् । यस्तै कुशल भुर्तेलले २६ रन बनाए भने कप्तान दीपेन्द्रसिहं ऐरीले १६ रन बनाए । विपुल शर्मा ११ र अनिल शाह छ रनमा आउट भए।

यता विराटनगरका लागि नन्दन यादव, हुसेन तलात, शाहब आलम, आन्द्रे म्याकार्थी र सिकन्दर राजाले समान एक/एक विकेट लिए । यस जितसँगै लुम्बिनीको चार अङ्क जोडिएको छ । प्रतियोगिताको विजेताले रु ५५ लाख तथा उपविजेताले रु ३० लाख पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै तेस्रो हुनले रु १० लाख तथा चौँथोले रु पाँच लाख पाउने छन् । प्रतियोगितामा विभिन्न छ टोलीको सहभागिता छ ।रासस

# ‘पाकिस्तानको टेक्सटाइल निर्यात मासिक एक अर्ब डलरभन्दा तल झर्ने चेतावनी’

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तान सरकारलाई सन् २०२३ देखि देशको टेक्सटाइल निर्यात मासिक एक अर्ब अमेरिकी डलरभन्दा तल झर्न सक्ने चेतावनी ‘अल पाकिस्तान टेक्सटाइल मिल्स एसोसिएसन (एपीटीएमए)’ ले आइतबार दिएको छ।



सङ्गठनले टेक्सटाइल क्षेत्रलाई बचाउन सरकारसँग सहयोग मागेको छ। सले पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफलाई लेखेको पत्रमा भनिएको छ, "टेक्सटाइल उद्योगले आफ्नो क्षमताको ५० प्रतिशतभन्दा कम प्रयोग गरिरहेको छ । धेरैले पहिले नै आफ्नो रोजगारी गुमाइसकेका छन् र सुधारात्मक कार्यको अभावमा थप रोजगारी गुम्नेछ।

बाढीका कारण कपासबाली नष्ट हुनुका साथै आपूर्ति शृ लामा अवरोध उत्पन्न भएका कारण समस्या उत्पन्न भएको सङ्घले जनाएको छ। जियो न्यूजको एक रिपोर्टका अनुसार, "यस वर्ष केवल ५० लाख भारी कपास उत्पादन भएको छ, जबकि उद्योगलाई १४ करोड भारी आवश्यक छ।’ विदेशी मुद्राको मुद्दाहरूले कपास आयात र निर्यातको लागि आवश्यक अन्य महत्वपूर्ण आपुर्तिलाई सङ्कुचित गरेको छ।

सङ्गठनले सबै स्थगित बिक्री कर, टफ र अन्य बक्यौताहरू तत्काल फिर्ता गर्न र आर्थिक वर्ष २०२१ को लागि शुल्क ड्रब्याक दावी पेश गर्ने मिति बढाउन माग गरेको छ।

हालै, सञ्चारमाध्यमले रिपोर्ट गरेअनुसार विनाशकारी बाढीपछि पाकिस्तानको टेक्सटाइल उद्योगको प्रतिकूल परिस्थितिको कारण, एक पाकिस्तानी व्यापार संगठनले शहबाज शरिफ सरकारसँग भारतबाट कपास आयात गर्न अनुमति दिन सम्पर्क गरेको थियो।

सिन्ध र पञ्जाबमा कपास उत्पादकहरूले भोग्नुपरेको नोक्सानीलाई ध्यानमा राख्दै ‘ पाकिस्तान टेक्सटाइल एक्सपोर्टर्स एसोसिएसन’ले बढ्दो निर्यात को माग पूरा गर्न वाघामार्फत् भारतसँग व्यापार गर्ने प्रस्ताव गरेको डन पत्रिकाले जनाएको छ।

पाकिस्तानी पत्रिकाले निर्यातकर्ताहरूको प्रारम्भिक अनुमानलाई उद्धृत गर्दै भनेको छ, "कूल २५ प्रतिशत कपास बालीमा क्षति पुगेको छ र पाकिस्तानमा कच्चा पदार्थको अभाव हुन सक्ने सम्भावना छ। बुधबार पाकिस्तान सरकारले एक समिति गठन गरेको छ जसले बीउ कम्पनीहरूसँग वार्ता गर्नेछ र उनीहरूलाई स्थानीय बजारमा अत्याधुनिक कपासको बीउ ल्याउन सहजीकरण गर्नेछ।

कपास बालीको उत्पादन र क्षेत्रफल वृद्धिका लागि सरोकारवालासँग परामर्श र प्रस्तावको पुनरावलोकन गर्न बसेको महत्वपूर्ण बैठकका क्रममा समिति गठन गर्ने निर्णय भएको प्रतिवेदनमा उल्लेख छ।रासस

# अफगान महिलालाई काम गर्ने अधिकारबाट वञ्चित नगर्न आग्रह

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्टसङ्घका महासचिव एन्टोनियो गुटेरेसले अफगान महिलालाई काम गर्नबाट नरोक्न तालिबान प्रशासनसमक्ष आग्रह गर्नुभएको छ।

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा महिलाले काम गर्न नपाउने तालिवान सरकारको आदेशले आफूलाई चिन्तित तुल्याएको बताउँदै महासचिवले त्यसमा पुनर्विचार गर्न अनुरोध गर्नुभएको छ।

"महासचिवले सबै महिलाको काममा सहभागी हुने अधिकारलाई दोहोऱ्याउनुभएको छ, तालिवानको यो निर्णयले सबैभन्दा कमजोर महिला र युवतीलाई मद्दत गर्ने देशभरका धेरै संस्थाको कामलाई कमजोर बनाउने छ,’अफगान महिलालाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्न प्रतिबन्ध लगाइएको कथित आदेशबाट महासचिव गुटरेस विचलित हुनुभएको उल्लेख गर्दै महासचिवका प्रवक्ता स्टेफेन डुजारिकले एक विज्ञप्ति निकालेर भनेका छन्।

संयुक्त राष्ट्रसङ्घ र उक्त संस्थाका साझेदार, राष्ट्रिय एवम् अन्तर ष्ट्रिय गैरसरकारी संस्थासहित, जीवन यापनका लागि मानवीय सहायतामा निर्भर दुई करोड ८० लाखभन्दा बढी अफगानीलाई मद्दत गर्दै आएका महिलालाई काम गर्ने अधिकारबाट वञ्चित बनाउन नहुनेमा महासचिवले जोड दिनुभएको छ। अफगानिस्तानमा जीवन र जीविकोपार्जन बचाउन सक्रिय अन्तर्राष्ट्रिय समुदायसँग काम गर्ने महिलामाथि प्रतिबन्ध लगाउँदा अफगान जनतालाई थप अप्ठ्यारोमा पार्ने विज्ञप्तिमा उल्लेख छ।

# अमेरिकामा हिमबर्षाले करौडौं मानिस प्रभावित, १८ जनाको मृत्यु

**एपी**

बफेलो । अत्यधिक चिसो मौसमका कारण संयुक्त राज्य अमेरिका र क्यानडामा करोडौं मानिसहरू चीसोजन्य स्वास्थ्य जोखिमको सामना गरिरहेका अमेरिकी मौसमविद्हरूले जनाएका छन्।

लाखौं अमेरिकीहरू क्रिसमसको पूर्वसन्ध्यामा यात्रा गरिरहेका बेला शनिबार अमेरिका भित्रिने र बाहिरिने दुई हजार ३६० भन्दा बढी उडान रद्द गरिएको ट्र्याकिङ साइट फ्लाइटअवेयरले जनाएको छ । अमेरिकाका १२ वटा राज्यमा हिमपातबाट सिर्जित समस्याहरूसँग जुध्न सङ्कटकालीन कदमहरू चालिएको छ। चीसोका कारण कम्तीमा १८ व्यक्तिले ज्यान गुमाएका छन्।

अमेरिकाको बफेलोमा तीन, ओहायोमा पाँच, मिसौरीमा एक चालकसहित चार, भर्मोन्टमा एकसहित अमेरिकाभरी १८ जनाको मृत्यु भएको सम्बन्धित राज्यको स्थानीय प्रशासनले पुष्टि गरेको छ।

मोन्टाना राज्यमा अहिलेसम्मकै कीर्तिमानी माइनस ४५ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ भने करिब १५ लाख घर र व्यापारिक भवनहरूमा बिजुली आपूर्ति प्रभावित भएको छ भने हजारौं उडानहरू रद्द भएका छन्।

चीसो आगामी हप्तासम्म कायम राख्ने पूवानुमान मौसमविद् हरूले गरेका छन्। खराब मौसमले मानिसहरूको व्यवस्थित क्रिसमस योजनालाई बिथोलेको छ।

अमेरिकी राष्ट्रिय मौसम सेवा एनडब्लूएसले गत शुक्रवार गरेको मौसमसम्बन्धी पूर्वानुमानअनुसार यो बर्ष अमेरिकामा लामो समयसम्म अत्यधिक चीसो रहने बताएको छ।

# पाकिस्तानी प्रधानमन्त्री पुत्र सुलेमानलाई लाहोरको अदालतद्वारा जमानत दिन र अनुसन्धान जारी राख्न आदेश

**एएनआई**

लाहोर । पाकिस्तानको राष्ट्रिय जवाफदेही ब्यूरो (एनएबी) को लाहोरस्थित एक अदालतले सुलेमान शहबाजलाई सम्पत्ति शुद्धीकरण मुद्दामा जनवरी ७ सम्मका लागि अन्तरिम जमानत उहाँलाई सम्पत्ती शुद्धिकरण मुद्दाको अनुसन्धानमा सामेल गर्न निर्देशन दिएको छ।

उहाँलाई सम्पत्ती शुद्धिकरण मुद्दाको अनुसन्धानमा सामेल गर्न निर्देशन दिइएको हो। अदालतले उहाँलाई अनुसन्धानमा संलग्न हुन पनि आदेश दिएको छ । शहबाजले एफआईए र अनुसन्धान अधिकारीहरूलाई पक्षकारको रूपमा उल्लेख गर्दै अदालतमा जमानत याचिका दायर गर्नुभएको थियो । सुलेमानले निवेदनमा भन्नुभएको थियो, "अदालतले उहाँलाई फरार घोषित गर्नु अघि कानुनी प्रक्रियाहरू पूरा गर्नु आवश्यक छ।’

सुलेमानले आफुलाई एफआईएले आधारहीन रूपमा सम्पत्ती शुद्धिकरण मामलामा नाम लिएको, आफुलाई अदालती सुनवाईको कुनै पनि सूचना प्राप्त नगराइएको र जानकारी बिना फरार घोषित गरिएको दावी गर्दै निवेदन दिनुभएको थियो।

सुनुवाइका क्रममा न्यायाधीशले सुलेमानको कम्प्युटरमा रेकर्ड रहेको राष्ट्रिय परिचय पत्र (सीएनआईसी) को माग गर्नुभएको छ । यसको जवाफमा उहाँले आफूसँग अहिले उक्त प्रकृतिको राष्ट्रिय परिचय पत्र नभएको बताउनु भएको थियो।

यद्यपि, उहाँले अदालतले मागेका कागजातलाई अर्को सुनुवाइमा ल्याउने सुनिश्चित गर्नुभएको द न्यूज इन्टरनेसनलले रिपोर्ट गरेको छ । अदालतले पछि उहाँलाई जनवरी ७ सम्मका लागि अन्तरिम जमानत दिएको हो।

प्रधानमन्त्रीका छोराले गत महिना आफ्नो आत्मनिर्वासन अन्त्य गर्दै आफूविरुद्धको मुद्दाको सामना गर्ने घोषणा गर्नुभएको थियो । सन् २०१९ को अक्टोबरमा जवाफदेही अदालतले सुलेमानलाई भगोडा अपराधी घोषणा गरेको थियो।

राष्ट्रिय जवाफदेही ब्युरो (एनएबी) का अभियोजकले अदालतलाई सम्पत्ति शुद्धीकरण र आयको ज्ञात स्रोतभन्दा बढी सम्पत्ति राख्ने सम्बन्धमा अनुसन्धानका क्रममा पटक-पटक बोलाइए पनि उहाँ भ्रष्टाचारविरोधी निकायमा उपस्थित हुन नसकेको बताएपछि यो आदेश आएको हो।

# सन् २०३५ सम्ममा कोइलाको माग उच्च हुने

**एएफपी**

नयाँदिल्ली । सन् २०३० देखि २०३५ को बीचमा उच्च बिन्दुमा पुग्ने सम्बद्ध अधिकारीले बताएका छन्।

केन्द्रीय कोइला, खानी तथा संसदीय मामिलामन्त्री प्रह्लाद जोशीले भारतमा कोइलाको माग जारी रहने सन् २०३५ सम्ममा यो उच्च विन्दुमा पुग्ने उहाँले बताउनुभएको हो।

कोइला भारतको ऊर्जाको प्रमुख स्रोत हो । सन् २०२२-२३ (अप्रिल-अक्टोबर) मा कोइलामा आधारित विद्युत गृहहरूमा कोइलाको खपत बढेर ४४ करोड ७६ लाख टन पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यो खपत ३९ करोड ८२ लाख टन थियो। यसरी हेर्दा अघिल्लो बर्षको तुलनामा यो बर्ष कोइलाको खपत १२ प्रतिशतले बढेको देखिएको छ।

मन्त्री जोशीले भन्नुभयो, "पर्याप्त भण्डारको साथ ऊर्जाको किफायती स्रोत भएकोले भारतमा कोइला निकट भविष्यमा ऊर्जाको प्रमुख स्रोतको रूपमा रहनेछ । स्थिरता र ऊर्जा सुरक्षाका लागि देशलाई कोइलामा आधारित उत्पादनको आधार भार क्षमता आवश्यक पर्छ।’

ऊर्जा मन्त्रालयले सन् २०३० सम्ममा नयाँ तथा नवीकरणीय गैरजीवाश्म इन्धनमा आधारित ऊर्जा स्रोतबाट करिब ५० प्रतिशत संचयी विद्युतीय ऊर्जा स्थापित क्षमता हासिल गर्ने योजना बनाएको छ।

हालसम्म, गैर-जीवाश्म ईन्धन स्रोतहरूबाट कूल १७२.७२ गिगावाट क्षमता स्थापित गरिएको छ । जसमध्ये ६१.६३ गिगावाट सोलार, ४१.८४ गिगावाट वायु र साना करिब १५ गिगावाट गरी कूल ११९.०९ गिगावाट नवीकरणीय उर्जा स्थापित गरिएको छ।

# जो बाइडेनलगायत विश्व नेताहरूद्वारा ‘क्रिसमस’ को अवसरमा शुभकामना व्यक्त

**सिन्ह्वा**

नयाँ दिल्ली । क्रिश्चियन धर्मगुरू तथा विश्वका नेतागणहरूले आइतबार विश्वका क्रिश्चियन धर्मावलम्बीहरूले




मनाउने क्रिसमसका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

क्रिश्चियन धर्मगुरू पोप फ्रान्सिस, अमेरिकी राष्ट्रपति जो बाइडेन, क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडो र अष्ट्रेलियन प्रधानमन्त्री एन्थोनी अल्बानीसलगायत नेताहरूले क्रिसमसको अवसरमा देश विदेशमा रहेका आफ्ना नागरिक र विश्व समुदायमा ‘क्रिसमस’को शुभकामना व्यक्त गर्नुभएको हो।

पोप फ्रान्सिसले ट्वीट गर्दै लेख्नुभएको छ, "आज राति ईश्वर तपाईंको नजिक आउनुभएको छ किनभने तपाईं उहाँका लागि महत्वपूर्ण हुनुहुन्छ। अपराध बोध र अपर्याप्तताको भावनाले तपाई हामीहरूलाई भस्म पार्छ । हाम्रा सबै बहानाहरू हराएर जाऊन्, हाम्रो धार्मिकता जागोस् र हाम्रा पाखण्डहरू फालिऊन्।’

शुभकामना सन्देशमा बाइडेनले भन्नुभयो, "सबैले छुट्टीको मौसममा परिवार र साथीहरूसँग समय बिताउन अवसर मिलोस् । हामी यस समयमा हामीबाट विविध कारणले टाढा भएका जो कोहीको लागि हाम्रो हृदयमा एक विशेष स्थान पनि राखेका छौं । हाम्रो परिवारदेखि तपाईंसम्म, जिल र म तपाईंलाई शान्तिपूर्ण ‘क्रिसमस इभ’को शुभकामना व्यक्त गर्दछौं।’

"क्यानडाका प्रधानमन्त्री ट्रुडोले पनि ‘आनन्द, स्वास्थ्य, प्रेम र शान्ति’को कामना गर्दै क्रिसमस ट्रीको वरिपरि भेला हुन र सँगै केही समय बिताउन पाउँदा आफू उत्साहित भएको बताउनुभएको छ। उहाँले भन्नुभएको छ, "मेरी क्रिसमस! लाखौं क्यानेडियाली जस्तै, मेरो परिवार क्रिसमस ट्री वरिपरि भेला हुन र सँगै केही गुणस्तरीय समय बिताउन उत्साहित छ।

हामी नयाँ वर्षको प्रतिक्षामा छौं, हामी तपाईलाई खुशी, स्वास्थ्य, प्रेम र शान्तिको कामना पनि गर्दछौं।’

यसैगरी, अष्ट्रेलियाका प्रधानमन्त्री अल्बानीसले क्रिसमस वर्षको विशेष समय भएको बताउनुभएको छ।"यो दान गर्ने दिन हो। यो दिन परिवार र साथीहरूसँगै आराम गर्ने दिन हो । अनि थुप्रै अस्ट्रेलियालीहरूका लागि यो एउटा यस्तो दिन हो जुन तिनीहरूको विश्वासको केन्द्रबिन्दु हो।

# तालिवानले महिला कर्मचारीमाथि लगाएको प्रतिबन्धबारे काबुलमा छलफल

**सिन्ह्वा**

काबुल । तालिबानले सबै गैरसरकारी संस्थालाई महिला कर्मचारीलाई काम गर्नबाट रोक्न आदेश दिएपछि संयुक्त राष्ट्रसङ्घका उच्च अधिकारी र अफगानिस्तानमा क्रियाशील दर्जनौं गैरसरकारी संस्थाबीच आइतबार काबुलमा बैठक हुनेभएको छ।

तालिवान अधिकारीहरूले महिला कर्मचारीलाई काम गर्नबाट रोक्न जारी गरेको आदेशको अन्तर्राष्ट्रियरूपमा तीव्र निन्दा भएको थियो। सरकार र सङ्गठनहरूले लाखौं मानिसहरू सहायतामा निर्भर रहेको देशमा मानवीय सेवाहरूमा असर पर्ने चेतावनी दिएका थिए।

कट्टरपन्थी इस्लामवादीहरूले महिलाहरूलाई विश्वविद्यालयमा जान प्रतिबन्ध लगाएको एक हप्ता नबित्दै अफगानिस्तानका केही शहरहरूमा विश्वव्यापी आक्रोश र विरोध प्रदर्शनहरू सुरु भएको एक हप्ता नबित्दै पछिल्लो प्रतिबन्ध लगाइएको हो।

अर्थ मन्त्रालयले उक्त आदेश कार्यान्वयन नगरे गैरसरकारी संस्थाको सञ्चालन अनुमतिपत्र निलम्बन गर्ने चेतावनी दिएको छ। यी इजाजतपत्र जारी गर्ने मन्त्रालयले गैरसरकारी संस्थामा काम गर्ने महिलाले उचित इस्लामिक ड्रेस कानुन पालना नगरेको ‘गम्भीर गुनासो’ प्राप्त भएको जनाएको छ। मानवीय मामिलासमन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयका सूचना अधिकारी तापिवा गोमोले एएफपीसँग भन्नुभयो, "यस समस्यालाई कसरी समाधान गर्ने भन्ने विषयमा छलफल गर्न आइतबार नै अफगानीस्थानको मानव अधिकारका लागि काम गर्दै आएको अफगानी टोली (एचसीटी) को बैठक बोलाइएको छ।’

एचसीटीमा संयुक्त राष्ट्रसंघका उच्च अधिकारीहरू र दर्जनौं अफगान र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरू छन् जसले देशभरि सहायता वितरणको समन्वय गर्दछन् । बैठकमा तालिबानको पछिल्लो निर्देशनपछि सबै प्रकारका सहायता कार्य स्थगन गर्ने वा नगर्ने विषयमा छलफल हुने केही गैरसरकारी संस्थाका अधिकारीहरूले बताएका छन् । संयुक्त राष्ट्रसङ्घले उक्त आदेशबारे तालिवानसँग स्पष्टीकरण माग्ने बताएको छ र मन्त्रालयको निर्देशनको निन्दा गरेको छ।

"सार्वजनिक र राजनीतिक जीवनका सबै पक्षबाट व्यवस्थित रूपमा महिलालाई बाहिर राख्ने आदेशले देशलाई पछाडि धकेल्छ र देशमा कुनै पनि अर्थपूर्ण शान्ति वा स्थिरताको प्रयासलाई खतरामा पार्छ,’ विज्ञप्तिमा भनिएको छ।

# छ महिनामा गोलभैँडा बिक्रीबाट रु तीन करोड आम्दानी

बागमती । मकवानपुरको मकवानपुरगढी गाउँपालिकाका किसानले व्यावसायिकरूपमा गोलभैँडा लगायत अन्य तरकारी खेतीबाट मनग्य आम्दानी लिएका छन् ।

कृषि उत्पादनमा पकेट क्षेत्रका रूपमा रहेको सो गाउँपालिका किसानले जिल्लालाई नै तरकारी खेतीबाट आत्मनिर्भर बनाउनेतर्फ लागेको देखिन्छ। उनीहरूले विगत छ महिनामा रु तीन लाखभन्दा बढीको गोलभैँडा बिक्री गरेको सो गाउँपालिकाले जनाएको छ। अहिले दैनिकरूपमा मकवानपुरगढीमा उत्पादन भएको गोलभैँडा हेटौँडालगायतका अन्य बजारमा ढुवानी भई बिक्री वितरण भइरहको छ।

गाउँपालिकाका कृषि अधिकृत चन्द्रकान्त चौधरीले सो गाउँपालिकामा एक सय जना किसानले एक सय हेक्टर जमिनमा गोलभैँडा खेती गरी उक्त आम्दानी लिएको जानकारी दिनुभयो । गाउँपालिकाले तरकारी खेतीका लागि अनुदानसमेत सञ्चालन गरेको बताइएको छ।

उहाँले कृषि उत्पादनबाट किसानलाई आत्मनिर्भर बनाउन टनेल कृषि कार्यक्रमसमेत सञ्चालन गरेको बताउनुभयो। अव्यवस्थित चुरे तथा पहाडी विशेषता बोकेको गाउँपालिकामा भौगौलिक बनावटका आधारमा कृषि कार्यक्रम सञ्चालन गरिरहेको कृषि अधिकृत चौधरीले बताउनुभयो।

गाउँपालिकामा चार सय ५० हेक्टर क्षेत्रफलमा हुने तरकारी खेतीबाट वार्षिक छ हजार पाँच सय मेट्रिक टन विभिन्न किसिमका तरकारी उत्पादन हुने गरेको बताइएको छ । मकवानपुरगढी-१ मा २० किसानले २७, वडा नं २ मा २० किसानले एक हजार नौ सय वर्गमिटर क्षेत्रफलमा एक सय १९, वडा नं ३ मा १७ किसानले ६०, वडा नं ४ मा २३ किसानले ३५, वडा नं ५ मा २८ किसानले ३१ टनेल निमार्ण गरी खेती गरिरहेको कृषि शाखाको तथ्याङ्कमा उल्लेख छ।

यस्तै वडा नं ६ मा २१ किसानले एक सय पाँच, वडा नं ७ मा ६६ किसानले एक सय र वडा नं ८ मा ८२ किसानले गरी जम्मा तीन सय ५३ वटा टनेल निर्माण गरी गोलभैँडाको तरकारी खेती गरिरहको बताइएको छ । किसानले अहिले दैनिक रु तीनदेखि पाँच लाखसम्मको गोलभैँडा बिक्रीका लागि हेटौँडा बजारलगायतको अन्य बजारमा समेत बिक्रीका लागि पठाउने गरेको उहाँले बताउनुभयो।

गाउँपालिकाले टनेल निर्माणका लागि किसानलाई निःशुल्क प्लाष्टिक, तालिम तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराएको छ। तरकारी खेतीका लागि यस वर्ष पनि रु पाँच लाख छुट्याएको सो कार्यालयले जनाएको छ।रासस

# बढ्यो सुनको मूल्यः चाँदीको स्थिर

काठमाण्डु । नेपाली सुनचाँदी बजारमा आइतवार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु दुई सयले बढेको छ।

शुक्रबार प्रतितोला रु एक लाख तीन सयमा कारोबार भएको सुनको मूल्य आइतवार प्रतितोला रु एक लाख पाँच सय तोकिएको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आइतवार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख छ। यसको मूल्य अघिल्लो दिन रू ९९ हजार आठ सय थियो। त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार तीन सय ९० कायम रहेको महासङ्घले जनाएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका आधारमा यहाँ दैनिक सुन तथा चाँदीका मूल्य तोक्दै आएको छ।

हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔँस एक हजार सात सय ९८ दशमलव ५८ अमेरिकन डलर आसपासमा कारोबार भइरहेको जनाइएको छ।रासस

## रहेनन् बुद्ध एयरका संस्थापक अध्यक्ष बस्नेत

काठमाण्डु । बुद्ध एयरका संस्थापक अध्यक्ष सुरेन्द्रबहादुर बस्नेतको ९३ वर्षको उमेरमा आज निधन भएको छ। ललितपुरको मेडिसिटी अस्पतालमा उपचारका क्रममा बस्नेतको आज बिहान निधन भएको बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्रकुमार कर्णले जानकारी दिनुभयो ।

भोजपुरको दिङ्गलास्थित साल्मामा जन्मनुभएका बस्नेतले भारतको बनारसबाट एलएलबीसम्मको अध्ययन पूरा गर्नुभएको थियो। सरकारको विभिन्न उच्च ओहोदामा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका स्व बस्नेत सर्वोच्च अदालतको न्यायाधीश, नेपाल निर्वाचन आयोगको प्रथम प्रमुख आयुक्त, कानुन, न्याय तथा शिक्षामन्त्री (२०२४), अर्थ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री (२०२५), नेपाल प्रेस काउन्सिलको संस्थापक अध्यक्षसमेत हुनुभएको थियो।

उहाँ नेपाल बार एशोसिएशनको संस्थापक सदस्य पनि हुनुभयो। सत्तरी वर्षको उमेरमा बुद्ध एयर स्थापना गरेर नेपाल र नेपालीलाई हवाई सेवामार्फत आकाशयात्रामा जोड्नुभएको थियो। स्व बस्नेतका दुई छोरा र एक छोरी हुनुहुन्छ। जेठा छोरा वीरेन्द्रबहादुर बस्नेत बुद्ध एयरको प्रबन्ध निर्देशक हुनुहुन्छ। बस्नेतले हवाई उडानलाई सहज र सरल बनाई आम सर्वसाधारणका लागि खुलासमेत गर्नुभएको थियो।

"हामीले एक असल अभिभावक गुमाए पनि उहाँले देखाउनुभएको बाटालाई बुद्धएयरकर्मीले सधैँ अनुशरण गरी अगाडि बड्नेछौँ, हाम्रा अभिभावकप्रति हार्दिक श्रद्धासुमन', बुद्ध एयरद्वारा जारी विज्ञप्तिमा भनिएको छ।रासस

## सूर्यज्योति लाइफ इन्स्योरेन्सको अध्यक्षमा भट्टराई नियुक्त

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्यज्योति लाइफ इन्स्योरेन्सको अध्यक्षमा केशव प्रसाद भट्टराई नियुक्त भएका छन्।

कम्पनीको पुस ७ गते बिहान बसेको ३३३औं बैठकले केशव प्रसाद भट्टराईलाई कम्पनीको अध्यक्ष पदमा चयन गर्ने निर्णय गरेको हो।

उनले सोही दिन नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालसमक्ष पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन्।



कम्पनीको सोही दिन अपरान्ह बसेको सञ्चालक समितिको ३३४औं बैठकमा अध्यक्ष भट्टराईद्वारा सञ्चालकहरू नन्द किशोर शर्मा, हेमन्त नाहटा, विवेक झा, जयन्त कुमार अग्रवाल एवम् श्रीमती प्रिया तायललाई पद तथा गोपनियताको सपथ ग्रहण समेत गराए।

कम्पनीको सञ्चालक समितिको सल्लाहकारमा आकाश गोल्छा नियुक्त भएका छन्। सूर्यज्योति लाइफ इन्स्योरेन्स सुर्या लाइफ इन्स्योरेन्स तथा ज्योति लाइफ इन्स्योरेन्स एक आपसमा गाभिएपछि बनेको कम्पनी हो।

## हमदर्द इन्डियाका उत्पादनहरू नेपाली बजारमा सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । हमदर्द ल्याबोरेटोरिज इन्डियाले हमदर्द ब्रान्डका उत्पादन नेपाली बजारमा सार्वजनिक गरेको छ।

सन् १९०६ मा स्थापित यो कम्पनीले विश्व प्रतिष्ठित ब्रान्ड र हर्वल उत्पादन ल्याएको हो। कम्पनीका उत्पादनमा आम नेपालीको सहज पहुँचलाइ ध्यानमा राख्दै शनिबार विभिन प्रोडक्ट सार्वजनिक गरेको छ।




कम्पनीका ग्लोबल बिजनेस हेड पंकज बेनर्जीले नेपाल आएको यी उत्पादन विश्वकै उत्कृष्ट ब्रान्डको रुपमा स्थापित रहेको दाबी गरेका छन्।

कार्यक्रममा बेनर्जीले आइएसओ तथा जिएमपी प्रमाणित हमदर्द युनी ब्राण्डका उत्पादनहरूको नेपालमा बिक्री सुरू गरिएको जानकारी दिए।

राजधानीमा एक कार्यक्रम गर्दै कम्पनीले ६ ओटा उत्पादन नेपाली बजारमा ल्याएको छ। जसमा रोगन बदाम सिरन, कालोन्जी तेल, ओनियन तेल, रोघन अमला सादा तेल, हमदर्द गुलाब, लिक्युरुव लगाएतका प्रोडक्ट रहेका छन्।

# रासायनिक मल सहज गर्न सहकार्य

गलकोट । सरकारले कृषकका लागि अनुदानमा उपलब्ध गराउने रासायनिक मलको सहज आपूर्ति र मूल्य एकरुपताका लागि यहाँको नगरपालिकाले चासो देखाएको छ।

सहजरूपमा रासायनिक मल नपाउने र मूल्यमा समेत एकरुपता नहुने कारणले समयमै किसानले मल ल्याउन नसक्दा बालीनालीमा प्रत्यक्ष समस्या परेको जनाउँदै यहाँको बागलुङ नगरपालिकाले रासायनिक मल आपूर्तिमा सहजता, व्यवस्थापन र वैज्ञानिक ढङ्गले मूल्य निर्धारणका लागि समन्वयसमेत गरेको छ।

बागलुङ नगरपालिका र साल्ट ट्रेडिङ कर्पोरेशन बागलुङ वितरण शाखाबीच मल आपूर्तिलाई सहज बनाउँदै वितरण मूल्यलाई वैज्ञानिक ढङ्गले कार्यान्वयन गर्ने गरी सहमति गरेको छ।

नगरपालिकाभित्रका किसानलाई महलको सहज आपूर्ति गराउँदै उचित मूल्यमा सरकारले अनुदानमा दिएको रासायनिक मल दिने गरी सहमति भएको बागलुङ नगरपालिकाका उपप्रमुख तथा अनुदानमा रासायनिक मल व्यवस्थापनका लागि बनेको स्थानीय समितिका संयोजक राजु खड्काले जानकारी दिनुभयो।

"किसानले मलको सहज आपूर्ति नहुँदा समस्या भोग्नुपरेको छ, मूल्यमा समेत एकरुपता नहुँदा किसान मर्कामै परेका छन्, यस विषयमा मलको मागअनुसार समयमै मल आपूर्ति गर्ने र मूल्य निर्धारणलाई एकरुपता गराउने गरी सहमति भएको छ, साल्ट ट्रेडिङ कर्पोरेशनबाट खरिद गरेको मल व्यापारीले नगरपालिकाले स्थानअनुसार तोकेको वैज्ञानिक मूल्यमा मात्रै बिक्री गर्न पाउनेछन्", उहाँले भन्नुभयो, "युरिया, डिएपी र पोटास मलको नगरपालिकाको वडाअनुसार ढुवानी खर्चका आधारमा मूल्य निर्धारण गरिएको छ, यसकारण किसानले सही समय र मूल्यमा मल पाउनेछन्।"

मल विक्रेताले नगरपालिका र साल्ट ट्रेडिङ कर्पोरेशनबीच भएको सम्झौताअनुसारको मूल्यमा मल बिक्री नगरे कारबाही हुने खड्काले उहाँले बताउनुभयो । बजार अनुगमनका क्रममा रासायनिक मलको मूल्यमा एकरुपता नदेखिएको र किसानले सहजरूपमा मल नपाउँदा कालोबजारी हुनसक्ने भन्दै मल व्यवस्थापनका लागि बनेको स्थानीय समिति र साल्ट ट्रेडिङ कर्पोरेशनबीच लिखित सम्झौता नै भएको छ।

उपप्रमुख खड्काका अनुसार आगमी वर्षमा आवश्यक मलको अध्ययन गरेर आपूर्तिका लागि सहजीकरण गर्दा मलको अभाव नहुने जनाउँदै नगरपालिकाले बजार अनुगमनलाई समेत तीव्रता दिइराख्ने बताउनुभयो । मलको आवश्यकता निर्धारण गरेपछि मात्रै मलको सहज आपूर्ति गर्न सकिने र मूल्यमा एकरुपतमा बनाउँदा किसान ठगिनबाट जोगिनलाई नगरपालिकाले साल्ट ट्रेडिङ कर्पोरेशन बागलुङ वितरणसँग समन्वय गरेर अगाडि बढेको छ।

व्यापारीले रासायनिक मललाई मनोमानी ढङ्गले बिक्री वितरण गरेको अनुगमनका क्रममा पाइएकाले नगरपालिकाले ढुवानीसहित निर्धारण गरेको मूल्यमा बिक्री वितरण गर्ने गरी मल विक्रेतालाई मल उपलब्ध गराउने साल्ट ट्रेडिङ कर्पोरेशन बागलुङ वितरण केन्द्रका प्रमुख मनोज श्रेष्ठले जानकारी दिनुभयो।

"नगरपालिकाभित्रका व्यापारीले युरिया मल प्रतिकेजी रु २७ सम्म बिक्री गरेको अनुगमनमा क्रममा पाइयो, तर नगरपालिकाले ढुवानी खर्चसहित बजार क्षेत्रमा जम्मा प्रतिकेजी रु २३ मूल्य निर्धारण गरेको छ, किसान नठगिनका लागि मूल्यमा एकरुपता ल्याएका हौँ", उहाँले भन्नुभयो, "मूल्यमा एकरुपता गराएजस्तै मल आपूर्तिमा समेत स्थानीय तहले निरन्तर समन्वय गर्नुपर्ने हुन्छ।"

राष्ट्रिय उपभोक्ता मञ्च बागलुङ, साल्ट ट्रेडिङ कर्पोरेशन, बागलुङ, कृषि ज्ञान केन्द्र र बागलुङ उद्योग वाणिज्य सङ्घले निर्धारण गरेको मलको मूल्यलाई बागलुङ नगरपालिकाले सदर गर्दै सोही मूल्यमा मल खरिद गर्न किसानलाई आग्रहसमेत गरेको बागलुङ नगरपालिकाले जनाएको छ।

नगरपालिकाका अनुसार बजार क्षेत्रमा युरिया मल प्रतिकेजी रु २३ र नगरपालिकाको ग्रामीण क्षेत्रमा प्रतिकेजीको मूल्य रु २५ निर्धारण गरेको छ। रासस


**Madhesh Pradesh Government**

**Ministry Of Industry, Tourism & Forest**

**Tourism Development Office**

**Dhanusha, Janakpurdham**

**Invitation for Bids**

**Date of Publication : 26-12-2022**

1. The Tourism Development Office, Dhanusha invites sealed quotations from registered contractors .
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office of Tourism Development Office, Dhanusha at Janakpurdham, Dhanusha Janakpur Dhanusa or by reaching out to them at Telephone 9851032003 or by dropping a mail at tdodhanusha@gmail.com [or may visit PPMO website: www.bolpatra.gov.np.]
3. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of anon-refundable fee of 1000.0 NRs.
4. Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:
   **Name of the Bank:** Rastriya Banijya Bank Ltd.
   **Name of the Office:** Tourism Development Office,Dhanusha
   **Office Code no:** 3070017052
   **Office Account no:** 1000200010000
   **Rajaswa (revenue) Shirshak no:** 14229
   Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 10-01-2023 12:00 hours. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 10-01-2023 14:00 hours atthe office of Tourism Development Office, Dhanusha, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.35500 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
   **Account Name:** Province Financial Controller Office,Janakpurdham
   **Name:** Rastriya Banijaya Bank
   **Bank Address:** Janakpurdham
   **Account Number:** 1220100202060000
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered asthe last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.
7. [Note : As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]

| S. N. | Sealed Quotation Number | Description And Location OF Work | Estimated Cost Excluding (VAT & Contengencies) |
|---|---|---|---|
| 1. | TDO/SQ/WORKS/01/079/-080 | Construction of Khaki Baba Mandirma Dharmasala,Barahampuri-5,Sarlahi | 1272321.68 |
| 2. | TDO/SQ/WORKS/02/079/-080 | Construction of Salahesh Maharajko Dharmasala ,Chakraghatta-1,Sarlahi | 1273999.55 |
| 3. | TDO/SQ/WORKS/03/079/-080 | Construction of Ramjanaki mandirmaa Dharmasala Barahampuri-5,Sarlahi | 1272321.68 |
| 4. | TDO/SQ/WORKS/04/079/-080 | Construction of Gadimai Dharmasala Barahampuri-5,Sarlahi | 1272321.68 |
| 5. | TDO/SQ/WORKS/05/079/-080 | Construction of Gadimai Mandir Barahampuri-5,Sarlahi | 1273948.5 |
| 6. | TDO/SQ/WORKS/06/079/-080 | Construction of Ramjanaki Math ko Compound Wall Chakraghatta-2,Sarlahi | 1274202.22 |
| 7. | TDO/SQ/WORKS/07/079/-080 | Construction of Barahambaba Compound WallChakraghatta-1,Sarlahi | 1271585.46 |
| 8. | TDO/SQ/WORKS/08/079/-080 | Construction of Barahambaba Mandir Barahampuri-5,Sarlahi | 1273948.5 |
| 9. | TDO/SQ/WORKS/09/079/-080 | Construction of Hanuman Mnadir at Garisthan (Saundariyakaran) Barahampuri-3, Sarlahi | 1273948.5 |
| 10. | TDO/SQ/WORKS/10/079/-080 | Construction of Maharani Mandir Barahampuri-5,Sarlahi | 1273948.5 |
| 11. | TDO/SQ/WORKS/11/079/-080 | Pokari Saundariyakaran ,Chakraghara Ga.pa-3 | 1268569.38 |
| 12. | TDO/SQ/WORKS/12/079/-080 | POkhari Saundariyakaran, Sigarjoda, Dhanusha | 1271909.91 |
| 13. | TDO/SQ/WORKS/13/079/-080 | Construction of Dihabar sthan Boundary Wall, Kamala-06 | 1273347.36 |
| 14 | TDO/SQ/WORKS/14/079/-080 | Constuction Of Boundary Wall, Madaan Tol Kamala-06 | 1270995.76 |
| 15. | TDO/SQ/WORKS/15/079/-080 | Construction of Boundary Wall, Kapeleshwar Mahadev | 1272176.17 |
| 16. | TDO/SQ/WORKS/16/079/-080 | Construction of Boundary Wall Of Suga Rahati Thakur, Mahottari | 1272745,26 |
| 17. | TDO/SQ/WORKS/17/079/-080 | Pachhiwadi Tol Pokhari Saundariyakaran, Mahottari | 1272676.9 |

**(office Chief)**

# अस्पतालको लापरबाहीले युवकले गुमाए खुट्टा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा निजी अस्पतालका लापरबाहीका कारण बिरामीहरु झन पीडित हुन थालेका छन् । उपचार गराउन जनकपुरधामका अस्पतालहरुमा लापरबाहीका कारण बिरामी झन पीडित हुन थालेको पाइएको छ ।




जनकपुरधाममा सञ्चालित निजी अस्पतालमा बालबालिका, गर्भवती, र हाड सम्बन्धी रोगको सफल उपचार नभएको पीडितहरुको भनाइ छ ।

दर्जनौं व्यक्तिहरु अकालमै ज्यान गुमाएको र थप पीडित हुन पुगेको जनकपुरधामका अभियन्ताहरुले जनाएका छन् । मापदण्ड विपरीत सञ्चालित अस्पतालहरुमा डाक्टरहरुको अभाव र सञ्चालकको मनोपरीले गर्दा बालबालिकाहरु उपचार नपाएको र वास्तविक रोग पत्ता नलगाई उपचार गर्ने तथा अन्तिम अवस्थामा रेफर गर्ने गरेकाले बिरामीहरु झन् पीडित बनेको उनीहरुले बताएका छन् ।

गत मंसिर २८ गते जनकपुरधामको भ्रमरपुराचोकमा सञ्चालित दैविक इन्टरनेशनल अस्पतालमा मोटरसाइकलबाट लडेको भनिएको जनकपुरधाम - २५ लोहनाका अमित कुमार पासमान खुट्टाको उपचार गराउन पुगेका थिए । घटना कहाँ, के र कसरी भएको भन्ने स्पष्ट छैन ? मोटरसाइकलबाट लडेका भनेकै भरमा सो अस्पतालमा अमितको उपचार सुरु भयो ।

४ दिनपछि अब यहाँ उपचार सम्भव नहुने कारण देखाउँदै अस्पतालले काठमाण्डुको बि एण्ड बी हस्पिटलमा अमितलाई रेफर गरे । दुःखद त्यस अस्पतालले अमितको खुट्टा काट्नै पर्ने कारण देखाउँदै खुट्टा काटिदिएका छन् ।

त्यसपछि अमित र उनका परिवार थप पीडित हुन पुगेका छन् । उनीहरुसँग काठमाण्डु उपचार गराउन पनि आर्थिक समस्या छ । आर्थिक अभाव भएपछि अमितका अभिभावक दैविक अस्पतालका सञ्चालकलाई भेट्न जाँदा कुनै सुनुवाइ नगरिएको बताए ।

२२ वर्षीय अमितको खुट्टा सामान्य फ्याक्चर भएपछि उनलाई उपचारका लागि प्रादेशिक अस्पताल लगियो । तर, त्यहाँ विशाल राय नामको व्यक्तिले उनलाई दैविक हस्पिटलमा राम्रो उपचार हुने भनेर लगेको परिवारजनको आरोप छ ।

अमितको काका सुर्यदेव पासवानले जनकपुरधाममा शुक्रवार पत्रकार सम्मेलन गरेर अस्पतालको लापरबाहीबारे बताएका छन् ।

सो हस्पिटलमा अमितको उपचारमा डा. कुमार सम्भवले गरेका थिए । डा. सम्भवले २९ गते बिहान खुट्टामा अपरेसन गरेर स्टिल लगाउने भनेको कुरा अमितका काका सुर्यदेवले बताए । तर दुईदिनसम्म पनि अपरेशन नगरी बरफ र तातोले सेक्ने बाहेक केही नगरेको उनको भनाइ छ ।

चार दिनपछि खुट्टा काम नलाग्ने अवस्थामा पुगी कालो भएपछि चिकित्सकले आफ्नो अस्पतालमा उपचार सम्भव नभएको भन्दै अन्तै लान दबाब दिएको सुर्यदेवले बताए ।

काठमाण्डुमा भर्ना गरेपछि त्यहाँका चिकित्सकले भने, खुट्टाको अवस्था खराब भइसकेको छ । बिरामी बचाउनु हुन्छ भने खुट्टा काट्नु पर्छ । सामान्य अवस्थाका अमितको खुट्टा काटिन पुगेको र यसमा दैविक हस्पिटलले लापरबाही गरेको सुर्यदेवले बताए ।

यस विषयमा सम्वन्धित हस्पिटललाई क्षतिपूर्ति तिर्नुपर्ने भन्दा आफूहरुलाई केही थाहा नभएको जे गर्नुछ गर भनेपछि संचारमाध्यमलाई गुहार्नु परेको सुर्यदेवको भनाइ छ । यता, जनकपुरधामका अस्पताल दैविक इन्टरनेशनल हस्पिटलको लापरबाहीले नै खुट्टा गुमाउनु परेको विषयमा मधेश क्रान्ति संघर्ष समितिलाई ध्यानाकर्षण भएको छ । समितिका संयोजक नवीन यादवले सबै कागजात र प्रमाणहरु हेर्दा हस्पिटलको लापरबाही देखिएको छ । हस्पिटलले पीडितलाई न्याय स्वरुप क्षतिपूर्ति दिनुपर्ने तर्क गरे ।

यता,अस्पतालका प्रशासनले अस्पतालले लापरबाही नगरेको बताए । अमितको खुट्टा अप्रेशन गर्नुपर्ने र त्यसो नभए खुट्टा काट्नु पर्छ भनेको कुरा अस्पताल प्रशासनका रामभरोस महतोले भने'हामीले पनि खुट्टा काटियोस् भन्ने चाहेको होइन, यदि त्यसो हो भने यहाँ नै उपचार हुन्थ्यो नि । बाहिर लगेर खुट्टा नकाटियोस्, हाम्रो पनि चाहना रहेकोले काठमाण्डुको बि एण्ड बी हस्पिटलमा रेफर गरिएको उनले स्वीकार गरे ।'

त्यस्तै, जनकपुरका नैना अस्पताल, राजधानी जनकपुर, जनकपुर ग्रान्डी, डा. शैलेन्द्र मिश्र लगायतले बिरामी र उनका परिवारलाई झन् दुःख दिने काम गरेको संयोजक यादवले पत्रकार सम्मलेनमा बताए ।

शुक्रबार, जनकपुरमा डा. शैलेन्द्र मिश्रले उपचार गरेका वृद्ध महिला थापाचोकमा रहेको जनकपुर ग्रान्डी हस्पिटलमा उपचारका क्रममा ज्यान गुमाइन् ।

स्वास्थ्यको सबालमा अस्पताल र सो सेवासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु मौन रहेको छ । नियमनकारी निकायकै मिलेमतोमा सुविधासम्पन्न अस्पतालहरु सञ्चालनमा कमी आएको बताइन्छ ।

# प्रदेशको समीकरण फेरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्रमा पाँच दलीय गठबन्धनबाट नेकपा माओवादी केन्द्र अल्गिएपछि मधेश प्रदेशमा पनि समीकरण फेरिने भएको छ । यसअघि नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनाउने प्रयास गरिएको समीकरण समाप्त हुने लगभग निश्चित जस्तै भएको छ ।

प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेतृत्वमा सरकार बन्ने सम्भावना बलियो भएको छ । मुख्यमन्त्री जसपालाई दिएर प्रदेश प्रमुख र सभामुख नेकपा एमालेले लिने सहमति नजिक पुगेका बताइएको छ । तर जनमत पार्टी र एमाले प्रदेशको नेताहरुले पनि सरकार नेतृत्वमा दाबी कायमै राखेका छन् । यद्यपि उनीहरु केन्द्रले गरेको निर्णय स्वीकार गर्ने बताएका छन् ।

एमाले दलको नेताका आकांक्षीसमेत रहेको रामचन्द्र मण्डलले नेतृत्व बारे निर्णय हुन एक/दुई दिन लाग्ने बताए । तर केन्द्रले सहमति गरे स्वीकार गर्ने उनको भनाइ छ । 'कसको नेतृत्वमा सरकार बन्छ, त्यो छलफलको विषयमा हो,'उनले भने,'छलफल गरेर सहमति गर्न सकिन्छ, वा केन्द्रले नै निर्णय गरे पनि स्वीकार गर्न सकिन्छ ।' एमाले मधेश प्रदेशमा पहिलो दल रहेको आधारमा नेतृत्व दाबी गर्नसक्ने उनको भनाइ छ ।

जनमत पार्टीको सचिवालयले पनि दाबी कायमै रहेको बताएका छन् । तर पुरानो समीकरण फेरिएपछि केही लचिलो भएर काम गर्ने ठाउँमा दाबी रहने जनमत धनुषाका अध्यक्ष विपि साहले जानकारी दिए ।

'हामी काँग्रेस नेतृत्वको सरकारमा मुख्य निर्णायक थियौं । अहिले त्यो अवस्था छैन्,'उनले भने,' त्यसकारण हामीले काम गर्ने ठाउँमा मात्रै दाबी गरेका छौं ।'

मधेश प्रदेशमा एमाले २३, जसपा १६, जनतमले १३ र माओवादी आठ सिट ल्याएका छन् । यी दलको सिट संख्या ६० पुगछन् । तर केन्द्रमा सघाउने भनिएको राप्रपा र नागरिक उन्मुक्ति पार्टीले पनि यहाँ एक/एक सिट ल्याएका छन् । उनीहरुले पनि केन्द्रीय सहमति अनुसार समर्थन गर्नेछन् । बहुमतको लागि प्रदेशमा ५४ सिट मात्रै आवश्यक रहेको छ ।

# युरेनियमसहित तीन जना पक्राउ

**टुडे समाचारदाता**

कलैया । जितपुरको आदित्य होटेलबाट साढे दुई किलोग्राम युरेनियमसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा जितपुर सिमरा उपमहानगरपालिका-७ का २९ वर्षीय रवि चौधरी, सोही ठाउँका ३० वर्षीय सागर चौधरी र रौतहटको माधवनारायण नगरपालिका-२ का २२ वर्षीय बृज सहनी रहेको बारा प्रहरीले जनाएको छ ।

खैरो, पहैंलो रङ्ग जस्तो देखिने बस्तुमा चिम छुआउँदा बल्ने गरेको अमूल्य बस्तुको खरिद बिक्री भइरहेको सूचनाको आधारमा सशस्त्र प्रहरी बल नेपाल नम्बर-१२ गण हेडक्वाटर बारा र नेपाल अनुसन्धान ब्यूरोको सहयोगमा होटेलबाट शनिबार साँझ युरेनियमसहित तीनै जनालाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल बाराका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक अमरबहादुर खत्रीले जानकारी दिए।

पक्राउ गरिएको तीनै जनालाई आवश्यक कारबाही र अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय सिमराको हिरासतमा राखिएको प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताएका छन् ।

# तुलसी दिवस मनाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा तुलसी दिवस मनाइएको छ । आइतबार गौ संरक्षण मञ्च नेपालले तुलसी दिवस मनाएको छ ।



सनातन हिन्दु धर्ममा तुलसीको विशेष महत्व छ। यसका लागि सनातन धर्मका अनुवायीहरुले तुलसीको रुखलाई पूजा गरी प्रत्येक वर्ष तुलसी दिवस मनाउँदै आएका छन् ।

भगवान विष्णु र माता लक्ष्मीको कृपा प्राप्त हुने उद्देश्यले तुलसी पूजा गरिएको छ । हिन्दू धर्मका अनुवायीहरु प्रत्येक दिन साँझ र विहान तुलसी पूजा गर्ने गरेका छन् । दियो बालेर आरती गर्छन् । दिनहुँ तुलसी माताको पूजा गर्नाले घरमा सुख, शान्ति र समृद्धि कायम रहने जनविश्वास छ ।

# शिक्षकलाई कारबाही गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा विद्यार्थीलाई शिक्षकले अश्लील भिडियो देखाएको भन्दै कारबाहीको माग गरिएको छ ।

मिथिला विहारी नगरपालिका ४ स्थित जनता मावि कजरा रमौलका शिक्षक विनोद यादव र प्रधानाध्यापक वीरेन्द्र मण्डललाई कारबाहीको माग गरिएको छ ।

इलाका प्रहरी कार्यालय धनुषाधाममा विद्यालयका ४४ जना विद्यार्थीले हस्ताक्षर गरी निवेदन दिएका छन् । गत मंसिर २८ गते शिक्षक विनोदले कक्षाकोठामा विद्यार्थीहरुलाई अश्लील भिडियो देखाएको आरोप छ । यी घटना मिलाउन गाउँमा पटक पटक प्रयास भए पनि सहमति भएको छैन् । गाउँका एक पक्षले अभिभावक र केही विद्यार्थीले शिक्षक बर्खास्तको माग गरेका छन् भने केहीले बचाउ पनि गरेका छन् ।

शिक्षक यादवले कक्षाकोठाको बेञ्चमा बसेर विद्यार्थीसँग मोवाइलमा अश्लील भिडियो देखेको अर्का विद्यार्थीले कैद गरेका थिए ।

# 'निर्माण कार्य पूरा नहुँदै सडक भत्किदै'

**टुडे समाचारदाता**

जलेश्वर । भिटामोड- जलेश्वर-जनकपुर सडकको निर्माण कार्य पूरा नहुँदै सडक भत्किदै गएको छ । २०७३ भदौ २४ गतेका दिन तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्री रमेश लेखकले दुई वर्ष छ महिनामा सम्पन्न हुने लक्ष्यसहित त्यसको शिलान्यास गरेका थिए ।



त्यति बेला सडक निर्माण कार्य सुरु गर्न जलेश्वरको खैरा चौक नजिक शिलान्यास हुँदा वर्षौं वर्ष देखि सडक भएर आउजाउ गर्नेहरूले भोग्दै आएको समस्याबाट मुक्ति पाउने आशाले स्थानीयहरूमा खुशीको लहर छाएको थियो । वर्षौंदेखि सडकको कारण समस्या खेप्दै आएका स्थानीयमा सडक बन्ने कुराले खुशीको सीमा थिएन ।

दुई वर्ष ६ महिना अर्थात् ३० महिनामै निर्माण सक्नुपर्ने भिटामोड- जलेश्वर- जनकपुर सडक छ वर्ष तीन महिना बितिसक्दा सडक निर्माण कार्य पूरा नहुनु र अर्कोतर्फ निर्माण कार्य पूरा नहुँदै सडक ठाउँ ठाउँमा भत्किन थालेपछि स्थानीयहरू चिन्तित देखिएका छन् ।

निर्माण कार्य पूरा नै नभइ उक्त सडक खण्डको ठाउँ ठाउँमा सडक बिग्रेर सुख्खायाममा धुलो र वर्षामा हिलो जम्ने गरेको छ । निर्माण कार्य हुन नसकेको ठाउँमा सडकबाट उड्ने धुलो घरको भान्सासम्म पुग्ने गरेका जलेश्वर जिरोमाइलमा घर भएका स्थानीय छेदी चौधरीले गुनासो गरेका छन् ।

'निर्माणाधीन उक्त सडक खण्डको जिरोमाइल नजिक काम नै नहुँदा त्यहाँ धुलो उडेर हैरान बनाएको छ ।' स्थानीय चौधरीले भने 'निर्माण सम्बन्धी ठेकेदार र सरोकार वाला निकायको ध्यान तत्काल यसतर्फ जानुपर्ने अत्यावश्यक छ । सडकमा उड्ने धुलोका कारण घरमा बस्न खानसमेत समस्या हुन थालेको छ ।'

मधेश प्रदेशको राजधानी जनकपुरलाई भारतीय सिमानासंग जोड्ने प्रमुख सडकको रूपमा उक्त भिठ्ठामोड जलेश्वर जनकपुर सडक रहेको छ । तोकिएको समय सकिएको तीन वर्ष चार महिना बित्दासमेत कतिपय ठाउँमा सडक निर्माण नै भएको छैन भने कतिपय ठाउँमा निर्माण सम्पन्न भइसकेको सडकसमेत भत्किन थालेको जलेश्वर-१० का स्थानीय फारुख अन्सारीले बताए ।

'निर्माण भएको सडक पनि भत्किन थालेको छ ।' अन्सारीले गुनासो गर्दै भने 'निर्माण कार्य तोकिएकै अवधिमा सक्नुपर्ने हो तर यहाँ त अवधि सकेको पनि दोब्बर समय बितिसक्यो , यो भन्दा ठुलो विडम्बना के होला ? '

१८.५६ किलोमिटरको सडक निर्माण गर्न ९३ करोड ४३ लाख रुपैयाँमा दुई खण्डमा विभाजन गरी निर्माण गर्ने सम्झौता भएको थियो । पहिलो खण्डमा जनकपुरधामस्थित जिरो माइलदेखि महोत्तरीको पिपरासम्म प्रतिभा वाइपी जेबीले ४३ करोड ५४ लाख ७२ हजार ८७४ रुपैयाँ र दोस्रो खण्डमा पिपरादेखि भिठ्ठामोडसम्म ९.५६ किलोमिटर सडक आशिष् पप्पु रोशन जेबीले ४९ करोड ८९ लाख २० हजार ७०७ रुपैयाँमा ठेक्का सम्झौता गरेका थिए ।

हुलाकी राजमार्ग परियोजना जनकपुरले साइट क्लियरेन्सको समस्याका कारण समयमै काम सम्पन्न हुन नसकेको बताउँदै आएका छन् । सडक खण्डमा पर्ने चार वटा मन्दिरको व्यवस्थापन, टेलिफोनको तार तथा विद्युतको पोल व्यवस्थापन, स्थानीयको अवरोध लगायत कारणले समय सीमाभित्र काम सम्पन्न नभएको हुलाकी राजमार्ग परियोजनाले जनाएको छ ।

जनकपुरधाम-भिठ्ठामोड सडक खण्डमा पानी निकासको समस्या देखिएपछि थप नौ वटा कल्भर्टको काम पनि थपिएका छन् । कल्भर्ट निर्माणका लागि इलाइट सूर्या जेबीसँग २०७७ भदौ १९ गते २९ करोड २६ लाख ६९ हजार रुपैयाँमा सम्झौता भएको थियो । कल्भर्ट निर्माण २०७९ भदौ १८ मा सम्पन्न गर्नुपर्नेछ । तर उक्त कार्य पनि पूर्णरुपमा सम्पन्न हुन सकेको छैन ।

# कांग्रेसका दुई नेता निष्काशित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा नेपाली कांग्रेसका दुई जनालाई निष्काशित गरिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ का क्षेत्रीय सदस्य युगल किसोर यादव र क्षेत्रीय प्रतिनिधि ब्रहमदेव यादवलाई निष्काशित गर्ने निर्णय गरिएको छ । क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर १० को कार्यसमितिले उक्त निर्णय गरेको छ । उनीहरु पार्टीको अनुशासन विपरीत काम गरेको आरोप छ ।

मंसिर ४ गते सम्पन्न प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा उनीहरु पार्टीको अनुशासन विपरीत गतिविधि गरेको समितिको ठहर छ । पार्टीको आधिकारिक उम्मेदवारलाई उनीहरुले असहयोग गरेको जनाइएको छ ।

यहाँ पाँच दलीय गठबन्धनबाट प्रतिनिधिसभामा कांग्रेसका महेन्द्र यादव उम्मेदवार थिए । उनलाई नेकपा एमालेका रघुवीर महासेठले एक सय २४ मतले पराजित गरेका थिए ।

# सांसदलाई सम्मान



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको महादेवा गाउँपालिका - १ (सोनराबल्थि, पकरी) लगायतका स्थानीयद्वारा नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान गरेका छन्।

स्थानीयद्वारा सप्तरीको महादेवा १ सोनरामा आइतबार आयोजित एक समारोहबीच प्रदेशसभा सदस्य महेश प्रसाद यादवलाई सम्मान गरेको छ ।

स्थानीय वयोवृद्ध चुनाई यादव, हरिनारायण यादव, राजाराम यादव, मोहन यादव, प्रमिला यादव, राधेश्याम यादवलगायत स्थानीयले माला, अविर लगाएर नवनिर्वाचित जनप्रतिनिधि यादवलाई सम्मान गरेका छन् ।

कार्यक्रममा जनमतका नेता रामगमन साह, भगवती यादव, भूपेन्द्र प्रसाद यादव, विशेश्वर यादव, ललित यादव, हनुमान मलाह, मो.ईसराइल, रामचन्द्र ठाकुर, बद्री यादवलगायतको उपस्थिति रहेको थियो ।

# ५७ जनाले गरे रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा ५७ जनाले रक्तदान गरेका छन् ।

रौनियार युवा मञ्चको आयोजनामा ५७ जनाले रक्तदान गरेका छन् । युवा मञ्च रौनियार सेवा समितिको भातृ संगठन छन् ।

संस्थाले प्रत्येक वर्ष जनकपुरधाममा रक्तदान गर्दै आएको छ । यस वर्ष पनि 'मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो' नाराका साथ रक्तदान कार्यक्रमको आयोजन गरिएको थियो ।




रौनियार सेवा समितिका अध्यक्ष राम प्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा सशस्त्र प्रहरी मुजेलियाका प्रहरी उपरीक्षक प्रकाश कुमार सुवेदीको प्रमुख अतिथ्यता रहेको थियो ।

युवा मञ्चका महासचिव पंकज कुमार अजादले ५१ औं पटक रक्तदान गरेका थिए। आयोजक संस्थाले उनलाई दोसल्ला ओढाएर सम्मान गरेको थियो । अन्य रत्तदाताहरुलाई प्रमाणपत्र तथा प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा संस्थाका अधिकांश पदाधिकारीद्वारा रक्तदान गरिएको जनाइएको छ ।

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेह जस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परिक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८